# सिस्ने गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८

**कार्यपालिकाबाट स्विकृत मिति २०७९।०१।०७**

**सिस्ने गाउँपालिका**

रुकुमकोट, रुकुम (पूर्व)

**लुम्बिनि प्रदेश, नेपाल**


## शुभकामना

नेपालको संविधान,२०७२ प्रस्तावनमा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधार मा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । यसरी नै **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) प्रावधानहरुको व्यवस्था गरेको छ । विश्वमा लैङ्गिक असमानता तथा सामाजिक वञ्चितीकरण सबैको चासोको विषय भएको छ। विगत केही दशक देखि विश्वभरि लौङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लसैसास**) को क्षत्रेमा उल्लखेनीय प्रगति गरेको देखिन्छ । यसै क्रममा नेपालमा पनि विभेदरहित, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको छ । यसै सन्दर्भमा यस शितगंगा नगरपालिकाले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) प्रावधानहरुको व्यवस्थालाई टेकेर लौङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) को क्षत्रेमा उल्लखेनीय प्रगति गर्दै आएको अवगत नै छ।

दोस्रो लहरको कोरोना भाइरसको दोस्रो भेरियेन्टको कारण गर्नुपरेको बन्दाबन्दी, भौतिक दुरी कायम गनुपर्ने वाध्यात्मक अवस्था लगायतका प्रतिकूलताका बाध्यता रहे पनि लैगिक उतरदायि प्ररिक्षणबाट आएको प्रतिफल र आगामि दिनमा लक्षित वर्गहरुको शशक्तिकरण गर्दै हरेक क्षेत्रमा उनीहरुको अर्थपुर्ण सहभागिता सुनिश्चितता गर्नेको लागि लैससास रणनीतिको आवश्यकता रहेको महशुस भएको हुदा जोखिम समयलाई धैर्यताका साथ दुरि कायम गरि विभिन्न सरोकारवालाहरूसँगको छलफल एवं प्राप्त सल्लाह सुझावका आधारमा तयार गरिएको लैससास ५ वर्ष रणनीति निमार्ण भएको छ।

आगमी दिनमा **लसैसास** रणनितिले थप उर्जा दिने छ भन्ने अपेक्षा नगरपालिकाको रहेको छ । रणनीतिको सफल कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता, इच्छा शक्ति र स्रोत साधनको परिचालन, समन्वय र जनचतेना अभिवृद्धि गरी नगरपालिकाको हरेक विकास योजना, परियोजना तथा कार्यक्रमहरूमा **लैससासलाई** मुलपत्राहीकरण गर्ने सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर- निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्यमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

रणनीति तयार गर्ने क्रममा आफ्ना बहमूल्य सुझावहरूसहित निरन्तर सहयोग गर्नुहुने नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडाबासीहरू, लक्षित वर्ग/समुह तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरू तथा परामर्शदाता सबैलाई धन्यवाद दिँदै यसलाई प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै यस **लैससास रणनीति** तयार गर्न आर्थिक सहयोग गर्नुहुने **प्रदेश प्रशिक्षण प्रतिष्ठान** लुम्बिनी प्रदेश र अपाङ्ग सशक्तिकरण एवं संचार केन्द्र (डेक) नेपाल, बाँके प्रति सिस्ने गााउँपालिका हार्दिक आभार व्यक्त गर्दछ ।



कुमारी बराल गौतम
गाउँपालिका प्रमुख

## शुभकामना

नेपालको संविधानले दिएको महिला अधिकार सम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको /परेकोवर्ग, अल्पसंख्यक, सीमान्तकृत, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक,अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकहरूले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु आजको समयको माग तथा आवश्यकता हो ।

स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम,कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूसहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन नियमन गर्ने कुराहरू उल्लखे गरिएको छ । त्यस्तै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार  तल्लोस्तर बाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी महिला तथा अल्पसंख्य समुदायको सहभागीतामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पछाडि पारिएको /परेको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनोटमा जोड  दिँदै **लसैसास** प्रवर्द्धन गर्ने व्यवस्थालाई जोडदिएको छ ।

दिगो विकासका लक्ष्यहरू हासिल गर्ने नेपालको प्रयत्नमा '**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८**' को ठूलो भूमिका हुन्छ । यिनै माग तथा आवश्यकतालाई मध्यनजर राख्दै शितगंगा नगरपालिकाले सञ्चालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूका साथै यसको संरचनामा **लैससाससँग** सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न '**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८**' तयार गरी प्रकाशित हुन लागकोमा मलाई धेरै खुसी लागेको छ । यस रणनीतिको माध्ययमबाट नगरपालिका र मातहतका निकायहरूमा के कहाँ कस्तो कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री वातावरण सिर्जना गर्ने कुराको जानकारी समेत सरल ढङ्गबाट प्राप्त हुने छ र यसमार्फत नगरपालिकाले आगामी दिनमा स्थानीय तहको नीति,कानुन योजना कार्यक्रम सेवाप्रवाह र संस्थागत संरचनालाई लैससास रणनीति मार्फत अझ बढी प्रभावकारी बनाउन सकिने छ भन्ने विश्वास लिएको छु ।

गोवर्धन बुढा क्षितिज
गाउँपालिका उप प्रमुख

## विषय सूची

**परिच्छेद १. पृष्ठभूमि तथा परिचय  लैससास रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया**

१.१  पृष्ठभूमि :

१.२. सिस्ने गाउँपालिकाको संक्षिप्त परिचय

१.३.  सिस्ने गाउँपालिको लैससास रणनिति तयारी उद्देश्य, बिधी तथा प्रक्रिया

१.४  लैससास परिभाषा - मुख्य शव्दावलीहरु

**परिच्छेद २. लैससासको अवस्था र सन्दर्भ बिष्लेषण, लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु**

२.१ सिस्ने गाउँपालिको बर्तमान अवस्था

२.२ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु

२.३ सरोकारवालाहरुको बिष्लेषण

२.४ गाउँपालिको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष -आन्तरिक पाटो) तथा अवसर

२.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु (कारण सहीत प्राथमिकीकरण)

२.६ गाउँपालिकाको आगामी लैससास रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु

**परिच्छेद ३. पालिकाको लैससास मूलप्रवाहीकरण रणनितिका**

३.१ गाउँपालिको लैससास रणनितिका

- परिदृश्य
- ध्येय
- लक्ष्य
- उद्देश्यहरु
- लैंससास रणनितिको औचित्यता :
- लैंससास रणनितिको मुल्यमान्यताहरु

३.२ रणनितिक र कार्यनिति

३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि  कार्ययोजना

३.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती

३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन  :

३.४.२. गाउँपालिकाको  लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण

३.४.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :

३.५. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आर्थिक, प्राविधिक, मानविय

३.६. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

३.७ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :

३.८ कानुनी व्यवस्था तथा पुनरावलोकन

३.८.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

३.८.२.रणनीतिको पुनरावलोकन तथा सुधार

## परिच्छेद १. पृष्ठभूमि तथा परिचय लैससास रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया

### १.१ पृष्ठभूमि :

नेपालको संविधानको प्रस्तावनाले लैंगिक विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

त्यसैगरी संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हकको व्यवस्था गरी लैंगिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएको राष्ट्रिय लैंगिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८, लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायतका राष्ट्रिय नीति तथा कानुनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ ।

यसरी नै ***स्थानीय सरकार सञ्चालन ऐन, २०७४*** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरुको व्यवस्था गरेको छ ।

लैंगिक समानता र सामाजिक समाबेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र १८२० ले ससस्त्र द्वन्द्वको समय र द्वन्द्व पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन सुनिश्चित गरेको छ ।

दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैंगिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ ।

(क) गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धि व्यवस्था गरेको ।
ख) वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको ।

(ग) स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको ।

अनुगमन तथा मूल्याँकन प्रक्रिया र स्थानीय निकायको कार्य सम्पादनमा लैससास सवोधन गर्ने गरी लैससास अवधारणासंग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन जरुरी रहेको छ । स्थानीय सरकार तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससासलाई योजनाबद्ध रुपमा स्थानीयकरण गर्दै लैजान र एक रुपता

कायमगर्न नयाँ रणनीतिको आवश्यक रहेको हुनाले बिभिन्न समयमा नेपाल सरकारले जारी गरेका राष्ट्रिय कानुन तथा नीतिहरु र नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरेका अन्तराष्ट्रिय प्रावधानहरु साथै स्थानीय सरकारवाट निर्माण गरी जारी गरिएका स्थानीय कानुन तथा नीतिहरुले स्थानीय तह देखि नै लैंगिक समानता र सामाजिक समावेशीकरण अवलम्वन गर्नका लागि मार्गनिर्देश गरेको छ ।

**त्यसैले,** स्थानीय सरकारद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न यो सिस्ने गाउँपालिकाको ५ वर्ष लैससास रणनीति तयार गरिएको हो ।

## १.२ सिस्ने गाउँपालिकाको परिचय :

सिस्ने गाउँपालिका नेपालको ५ नं. प्रदेश अन्तर्गत हिमाली जिल्ला रुकुम पूर्वको पश्चिम उत्तर भागमा अवस्थित छ । यस गाउँपालिकाको नाम वडा नं. १ मा रहेको सिस्ने हिमालबाट राखिएको छ । यस गाउँपालिकाको ३२७.१२ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको केन्द्र रुकुमकोटमा रहेको छ । रुकुम पूर्व जिल्लाको सदरमुकाम पनि यसै गाउँपालिकाको रुकुमकोटमा रहेको छ । रुकुम जिल्लाका साविकका सिस्ने, प्वाङ, पोखरा, रुकुमकोट र स्यालापाखा गरी ५ गाविस समावेश भई यो गाउँपालिका बनेको छ । ८ वडा रहेको यो गाउँपालिका ३२७.१२ वर्ग कि. मि. क्षेत्रफलमा फैलिएको छ । २१,४७३ जनसंख्या रहेको यस गाउँपालिकाको पूर्वमा पुथा उत्तरगंगा गाउँपालिका, उत्तरमा डोल्पा जिल्ला, पश्चिममा आठबीसकोट, मुसीकोट गाउँपालिका र बाँफिकोट गाउँपालिका पर्छ भने दक्षिणमा भूमे गाउँपालिका पर्दछ । सिस्ने गाउँपालिकाको कूल जनसख्या मध्य पुरुषको सख्या १०,६२९ छ भने महिलाको संख्या १०,८४४ छ ।

जिल्ला सदरमुकामस्थित जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ, जिल्ला वन डिभिजन कार्यालय, जिल्ला मालपोत कार्यालय, जिल्ला नापी कार्यालय, जिल्ला कोष नियन्त्रक कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, जिल्ला सिंचाइ कार्यालय आदि सरकारी कार्यालयहरू पनि यसै गाउँपालिकाको रुकुमकोटमा रहेका छन्। रुकुमकोटमा नेपाली सेनाको ब्यारेक र सशस्त्र प्रहरी बल नेपालको गुल्म पनि रहेको छ यहाँ राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, प्रभु बैंक लिमिटेड, एन.आइ.सी. एशिया बैंक तथा विभिन्न ऋण तथा वचत सहकारी संस्थाहरू रहेका छन् सिस्ने गाउँपालिका धेरै गाउँहरूको पालिका हो भने केही ठाउँमा साना बजार क्षेत्रहरू पनि छन् सिस्ने गाउँपालिका विविधताले भरिएको छ ।
हावापानी, वनजङ्गल, खेतीपाती, पशुपालन, जातजाति, संस्कृति आदिमा विविधताले भरिएको सिस्ने गाउँपालिकाले प्रशस्त विकासको सम्भावना बोकेको छ सिस्ने गाउँपालिकामा विभिन्न शैक्षिक संस्थाहरूले शिक्षा प्रदान गरिरहेका छन् । यहाँ एउटा मात्र उच्च शिक्षा अध्ययन अध्यापन गरिने सिस्ने शिक्षा क्याम्पस छ यो क्याम्पस वि.सं. २०६४ सालमा स्थापना भएको हो । यो यस गाउँपालिकाको वडा नं. ५ टाकुरामा रहेको छ यस गाउँपालिकामा १० वटा माध्यमिक विद्यालयहरू छन् । त्यसमध्ये रूक्मिणी माध्यमिक विद्यालय रुकुमकोट, जनता माध्यमिक विद्यालय पोखरा, हिमालय माध्यमिक विद्यालय नायगाड र त्रिभुवन जनता माध्यमिक विद्यालय छिप्रिदहमा कक्षा १२ सम्मको पठनपाठन हुन्छ अन्य माध्यमिक विद्यालयहरूमा कक्षा १० सम्मको पठनपाठन हुन्छ । यस गाउँपालिकामा २८ वटा आधारभूत विद्यालयहरू छन् ।

## १.३. सिस्ने गाउँपालिकाको लैससास रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया

***रणनिति तयारीका उद्देश्यहरु***

क) स्थानीय तहहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशिकरणको महत्व र प्रकृयाका बारेमा छलफल तथा अभिमुखीकरण सञ्चालन गरिने छ ।

ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको मार्गदर्शनका आधारमा सहभागितामुलक विधि तथा प्रकृयाहरु प्रयोग गरी स्थानीय तहहरुको लैङ्गिक समानता समस्याहरुको पहिचान गरिने छ ।

ग) सहभागितामुलक विधि र प्रकृया प्रयोग गरी पालिकाको लैङ्गिक समानता तथा समावेशिकरण रणनीति तयार पारिने छ ।

***विधि र प्रकृयाहरु***

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनितिका लागि गाउँपालिकासँग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख रचना तथा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी पालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरि र नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका २०७७ संग सम्वन्धित विषय वस्तुका आधारमा समुह छलफल र अन्तरवार्ताको लागि प्रश्नावली तयार गरिएको हो । यसका अतिरिक्त गाउँपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संबिधान, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, पालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, संघ तथा प्रदेश प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका क्षमता विकास योजना तर्जुमा निर्देशिका तथा अन्य सम्बन्धित स्रोत सामग्रीको अध्ययन गरि स्थानीय तहहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको महत्व तथा कार्यान्वयन प्रकृयाका बारेमा छलफल गरि र कार्यशाला गोष्ठीमा गाउँपालिकास्थित बहुसरोकारवालाहसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका पक्षलाई समेटेर सरोकारवाला (राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह, लक्षित वर्गका प्रतिनिधि आदि) को सहभागितामा संघिय संरचना अन्तर्गत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका आवश्यकताका बारेमा छलफल प्रश्चात गाउँपालिकाको सवल पक्ष, सुधार गर्न पर्ने पक्ष र अवसर, चुनौतिहरुको विश्लेषण गरी भावी लक्ष्य उद्धेश्यहरु सहितको कार्ययोजना तयार गाउँपालिका स्तरिय कार्यशाला यो रणनिति निमार्णको अर्को आधार हो ।

## १.४ लैससास परिभाषा - मुख्य शव्दावलीहरु

**१. नाम र प्रारम्भ** : यस रणनीतिको नाम **लैङ्गिक समानता तथा सामाजिक समावेशिता रणनीति २०७८ र**हनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

**२. संक्षेपित शब्दावली र परिभाषा**

**क) "स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालीका र जिल्ला समन्वय समिति सम्झनुपर्छ ।

**ख) "कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनुपर्छ ।

**ग) "स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया हो ।

**घ) “योजना”** भन्नाले समग्र विकास निमार्ण सम्बन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

**ङ) “सामाजिक समावेशीकरण”** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराईनु हो ।

**च) “सामाजिक बञ्चितिकरण”** : लैंगिकता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराईनु हो ।

**छ) “सामाजिक समावेशी सम्पर्क ब्यक्ति”** भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

**ज) “सामाजिक समावेशी बजेट”** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

**झ) लैंङ्गिकता** : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा तेस्रो लिङ्गका कारण समाजद्वारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

**ञ) लैंङ्गिक मूलप्रवाहीकरण** : पालिकाको कुनै पनि योजनाबद्ध कार्य, बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यन्वयनको , बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

**ट) लैङ्गिक समानता :** समाज तथा राज्यको सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हाँसिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता हो ।

**ठ) लैंङ्गिक संवेदनशिल** : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गिहरुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

**ड) लैंगिकमैत्री** : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा तेस्रो लिङ्गिहरुका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहार हो ।

**ढ) "खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई.भि.संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

**ण) "गरिबी नक्शाङ्कन"** गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसो बास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ ।

**त) "लक्षित वर्ग/समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति,अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

## परिच्छेद २.

## लैससासको अवस्था र सन्दर्भ बिष्लेषण, लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु

### २.१ सिस्नेगाउँपालिको वर्तमान अवस्थाः

सिस्ने गाउँपालिकाको आर्थिक तथा प्राकृतिक सम्पदाको हिसावले प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यस गाउँपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रमा प्रशस्त लगानी तथा सकारात्मक प्रयासहरुको आवश्यकता देखिन्छ । बाहुन क्षेत्री बाहुल्यता रहेको यस सिस्ने गाउँपालिकाको उक्त समुदायका अधिकांस ब्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जीवनस्तरमा अपेक्षाकृत सुधार हुन सकेको छैन । यस गाउँपालिकामा कृषि पेशा अंगाल्ने घरपरिवारको संख्या उच्च रहे पनि परम्परागत कृषि प्रणालीमा अपेक्षाकृत सुधार हुन नसकेकोले कृषिमा स्थानीय बासिन्दाहरुको उत्साहजनक आकर्षण भएको पाइदैन ।

### २.२ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु

सिस्ने गाउँपालिकामा अधिकांस ब्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जिवनस्तरमा राम्रो भएता पनि ग्रामिण क्षेत्रमा अपेक्षाकृत सुधार हुन सकेको छैन । सिस्ने गाउँपालिकाको वडा अनुसारको अवस्था निम्नानुसार रहेको छ ।

#### वडा नं. १

सिस्ने गाउँपालिकाको वडा नं. १ प्रसिद्ध सिस्ने हिमालको काखमा रहेको छ । यो वडा सिस्नेपोखरी (ठूलो सिस्ने), लाम्पाखा, पाखापानी, ओखेना, भट्टेचौर, भङ, रत्त्वामारे, दमारगाउँ जस्ता गाउँहरू मिलेर बनेको छ । शीतोष्ण प्रकारको चिसो हावापानी, हिउँदमा हिउँ पर्ने, भौगोलिक विकटता, यातायातको असुविधा आदि कारणले यस वडाको जनसङ्ख्या क्षेत्रफलको तुलनामा कम रहेको छ । यस वडाका सिस्नेपोखरी र भट्टेचौरमा जनसङ्ख्या अन्य गाउँहरूको तुलनामा बढी छ सिस्ने गाउँपालिकाको वडा नं. १ क्षेत्रफलको आधारमा सबैभन्दा ठूलो वडा हो तर जनसख्या निकै पातलो रहेको छ । यस वडामा ६ घर दलित, २ घर ठकुरी र २ भण्डारी र बाँकी सबै बुढाक्षत्रीहरूको मात्र बसोबास रहेको छ । यस वडाको कूल जनसङ्ख्या २४८३ रहेको छ जसमध्ये पुरुषको सख्या १२२९ र महिलाको सख्या १२५४ रहेको छ ।

#### वडा नं. २

सिस्ने गाउँपालिकाको वडा नं. २ सुर्दी, दत्कुना, कुचिवाङ, तुवाङ, लैपा, प्वाङ, रङ्गेनी, आरिवाङ, नायगाड, किंदा, छिपखोला आदि गाउँहरू मिलेर बनेको छ । यस वडाका सुर्दी, प्वाङ, नायगाड, किंदा र छिपखोलामा जनसङ्ख्या अन्य गाउँहरूको तुलनामा बढी छ । यहाँको कूल जनसङ्ख्या २२४१ रहेको छ । कूल जनसंख्यामध्ये पुरुषको सख्या ११०९ र महिलाको संख्या ११३२ रहेको छ । यस वडामा मगरहरू (पुन, घर्ती, रोका, झाँक्री), क्षत्रीहरू (खड्का, खत्री, बोहरा) र दलितहरू (कामी र दमाई) रहेका छन् । भौगोलिक विकटता र भौतिक असुविधाको कारणले यस वडाको जनसख्या कम छ ।

**वडा नं. ३**

सिस्ने गाउँपालिका वडा नं. ३ पोखरा र पाङा दुईवटा ठूला गाउँहरू मिलेर बनेको छ । यहाँ धेरैजसो खड्का क्षत्री र खत्री क्षत्रीहरूको बसोबास रहेको छ भने अलि कम संख्यामा मगरहरू र दलित जातिहरूको बसोबास रहेको छ । यस वडाको कूल जनसख्या २३६७ रहेको छ । जसमध्ये पुरुषहरूको सख्या ११७२ र महिलाको सङ्खख्या ११९५ रहेको छ । खेतीयोग्य र समथर जमिन, दक्षिण फर्केको पारिलो भू-धरातल, पशुपालनका लागि चरण क्षेत्रहरू तथा लेकहरू भएकोले पहिले देखि नै यहाँको जनसङ्ख्या बाक्लो रहेको छ ।

**वडा नं. ४**

सिस्ने गाउँपालिको वडा नं. ४ भिङ, अमलाचौर, रातामाटा, ढाँका र दादिङ गाउँहरू मिलेर बनेको छ। यस वडाका अमलाचौर, ढाँका र दादिङमा जनसङ्ख्या अन्य गाउँहरूको तुलनामा बढी छ। यस वडामा मगरहरू (पुन, घर्ती, बुढा, थापा ) क्षत्री (खड्का, खत्री, बोहरा, जैसी) र दलितहरू (कामी, दमाई, टमटा, बादी)को बसोबास रहेको छ । यस वडामा जनजातिहरूको बाहुल्य देखिन्छ। यहाँको कूल जनसङ्ख्या ३३५६ रहेको छ जसमध्ये पुरुषको सङ्ख्या १६६१ र महिलाको सख्या १६९५ रहेको छ ।

**वडा नं. ५**

सिस्ने गाउँपालिका वडा नं. ५ टाकुरा, बाहुन्ठाना, रूमालवारा, सिंला, ह्याप्ला, थाक्ना, चोताबारी, घङ्गारूचौर आदि गाउँहरू मिलेर बनेको छ। यस वडामा जातीय विविधता छ। यस वडाका टाकुरा, बाहुन्ठाना र रूमालबारामा जनसङ्ख्या अन्य गाउँहरूको भन्दा बढी छ। यस वडामा विभिन्न जातका मानिसहरू बस्दछन् । क्षेत्री (बुढाथोकी, थापा, बोहरा, खड्का, खत्री), ठकुरी (शाह, शाही, मल्ल) ब्राह्मण (गौतम, आचार्य, दाहाल, सुवेदी), दलित (कामी, दमाई, सुनार, चदरा), गुरूङ, मगर लगायतका जातिहरूको बसोबास रहेको यस वडाको कूल जनसङ्ख्या ३२०४ रहेको छ । पुरुषको सख्या १५८६ र महिलाको सङ्ख्या १६१८ रहेको छ । भौगौलिक सुगमता, पर्यटकीय स्थलहरू, भौतिक सेवा सुविधाहरू, खेतीयोग्य जमिन, शैक्षिक संस्थाहरू, यातायातको सुविधा, जिल्ला सदरमुकामका विभिन्न कार्यालयहरू आदिको कारणले यहाँ बसाइँ सरेर आउनेको सङ्ख्या धेरै छ । यहाँको जनसंख्या भविष्यमा अझै तीव्र गतिमा बढ्ने सम्भावना देखिन्छ ।

**वडा नं. ६**

सिस्ने गाउँपालिका वडा नं. ६ छिप्रिदह, आला (बाहुन्डेरा, ठकुरीडेरा, कामीडेरा, चिउरेनी, पोखरा), आग्रीगाउँ, ढकालबारा, पाखागाउँ, खोपिचार, झिङ्गी आदि गाउँहरू मिलेर बनेको छ। भौगोलिक सुगमता, यातायातको सुविधा, बजारको सुविधा, समथर जमिन, प्राकृतिक सौन्दर्य आदिको कारणले यहाँको छिप्रिदह, आला, ढकालबारा, पाखागाउँका बस्तीहरूमा पहिले देखि नै जनसङ्ख्या बाक्लो रहेको थियो। यस वडाको कूल जनसङ्ख्या ३१२७ रहेको छ जसमध्ये महिलाको सङ्ख्या १५७९ र पुरुषको सङ्ख्या १५४८ रहेको छ। यस वडामा पनि जातीय विविधता रहेको छ। यहाँ ठकुरी (मल्ल, शाही, शाह, चन्द, सेन), ब्राहमण (गौतम, पौडेल, आचार्य, देवकोटा, दाहाल), , क्षत्री (बुढाथोकी, थापा, खत्री, खड्का, ओली, बोहोरा), दलित (कामी, दमाई, सुनार, सार्की), मगर(बुढा, पुन, घर्ती), नेवार(श्रेष्ठ), गुरूङ आदि जातिहरूको बसोबास रहेको छ । मध्य पहाडी लोकमार्गले छोएको, जिल्ला सदरमुकामका विभिन्न कार्यालयहरूका सरकारी सेवासुविधाहरू, बजार व्यवस्था, भौगोलिक सुगमता, समशीतोष्ण हावापानी, उर्वर जमिन आदि कारणले यहाँको जनसङ्ख्या निकट भविष्यमा अझै तीव्र गतिमा बढ्ने सम्भावना देखिन्छ।

**वडा नं. ७**

सिस्ने गाउँपालिकाको वडा नं. ७ नाथिगार, घरेली, सान्चौर, गोठीचौर, कानेवाङ, कासीन्चौर, सिस्नेरी, चिसापानी आदि साना साना गाउँहरू मिलेर बनेको छ यो सबैभन्दा कम जनसङ्ख्या भएको वडा हो । यस वडाका नाथिगार, घरेली र सान्चौरको जनसङ्ख्या अन्य गाउँहरूको भन्दा बढी छ। यस वडाको कूल जनसङ्ख्या २१२३ छ जसमा पुरुषको सङ्ख्या १०४६ र महिलाको सङ्ख्या १०६७ छ। यस वडामा मगरहरू(बुढा, पुन,), क्षत्रीहरू (खत्री, बुढाथोकी, थापा, रावत, रेउले) र दलितहरू (कामी, दमाई, सार्की), ठकुरी (मल्ल, चन्द, सेन), दशनामी (नाथ, गिरी) आदिको बसोबास रहेको छ।

**वडा नं. ८**

सिस्ने गाउँपालिकाको वडा नं. ८ लम्पाकोट, झिम्खोला, स्यालापाखा, भुरुङ्गा, धपे आदि गाउँहरू मिलेर बनेको छ। यस वडाका स्यालापाखा, लम्पाकोट र धपेमा जनसङ्ख्या अन्य वडाको तुलनामा बढी छ। यस वडामा विशेष गरी मगर, क्षत्रीहरू, दशनामी (

नाथ, गिरी, कवर), दलित (कामी, दमाई, सार्की) र न्यून सङ्ख्यामा ठकुरी जातिको बसोबास रहेको छ यहाँको कूल जनसङ्ख्या २५८२ रहेको छ जसमध्ये पुरुषको सङ्ख्या १२७८ र महिलाको सङ्ख्या १३०४ रहेको छ यस वडामा क्षेत्रफलको तुलनामा जनघत्व कम छ ।

## २.३ सरोकारवालाहरुको बिश्लेषण

गाउँपालिकाको सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने कार्यमा उल्लेखित सरोकारवाला निकायहरुको महत्वपुर्ण भुमिका रहेका छन् ।

विभिन्न राजनैतिक दलहरु, गाउँ शिक्षा समिति, वडा कार्यालय, जिल्ला समन्वय समिति, प्रदेश र केन्द्र सरकार, स्वास्थ्य संस्थाहरु, विद्याालयहरु, महिला संञ्जालहरु, आमा समुह, रेडक्रस, विपत व्यवस्थापन समिति, टोल बिकास संस्थाहरु, विभिन्न सामुदायीक संघ संस्थाहरु, अपाङ्गता अधिकारसँग सम्बन्धीत संस्थाहरु, बैक तथा वित्तिय संस्थाहरु, जिल्ला प्रहरी कार्यालय, उद्योग वाणिज्य संघ, यातायात व्यवसायी संघ, होटेल व्यवसायी संघ, सामुदायिक वन उपभोक्ता समिति, सहकारीहरु, निगरानी समुह, बाल क्लब, बिभिन्न गैरसरकारी सस्थाहरु, सुआहारा कार्यक्रम आदि ।

## २.४ गाउँपालिको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष (आन्तरिक पाटो) तथा अवसर

***सवल पक्ष***

गाउँपालिकाबाट लैंगिक समानता तथा समाबेशी बिकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक, प्रयासहरु अवलम्वन गरिएका छन् । यसलाई प्रभावकारीता र निरन्तरताका लागि नीतिगत व्यबस्था सहित बिकास प्रक्रिया थालनी गाउँपालिकामा सुरु गरिएको छ ।

**महिला क्षेत्रमा** : छोरी बचत बीमा कार्यक्रमको कार्यबिधि तयार गरी लागु भएको, सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्सको व्यवस्था, गाउँपालिकामा स्तनपान कक्षको व्यवस्था, गर्भवती तथा सुत्केरी महिलालाई पोशिलो खाना वितरण ।

**अपांगता क्षेत्रमा** : टोल तथा घरमै गएर अपांगता परिचयपत्र वितरण, अपांगता भएका व्यक्तिहरुलाई भत्ता र सहायक सामाग्री वितरण, सेवा प्रवाहमा अपांगता भएका व्यक्तिहरुलाई पहिलो प्राथमिकता ।

**बालबालिका क्षेत्रमा** : ५ बर्ष भन्दा मुनिका बालबालिकालाई पोषण भत्ता वितरण, कक्षा ५ सम्मका बालबालिकालाई निशुल्क खाजा र पुस्तक तथा छात्राबृति वितरण ।

**जेष्ठ नागरिक** : जेष्ठ नागरिक परिचय पत्र वितरण तथा भत्ता वितरण, प्रत्येक बर्ष जेष्ठ नागरिक सममान तथा न्यानोपन कार्यक्रम, घरघरमा गएर निशुल्क स्वास्थ्य जाँच तथा उपचार ।

**दलित** : दलित बिद्यार्थीहरुलाई छात्रबृतिको व्यवस्था, छुवाछुत तथा भेदभावको अन्त्य, बिभिन्न कार्यक्रमहरुमा प्राथमिक रुपमा सहभागिता ।

**जनजाती** : लक्षित वर्गको वजेट बिनियोजन, बिभिन्न कार्यक्रमहरुमा सहभागिता ।

**एकल महिला** : एकल महिलाहरुलाई भत्ता ।

यी पक्षहरुका साथै जस्तै : महिला सेल सञ्चालन, लैंगिक हिँसा कोष स्थापना, वाल संरक्षण निति निर्माण,अपाँग परिचय पत्र वितरण निर्देशकिा निर्माण, गाउँपालिकाका विषयगत समितिहरुमा समावेशिता निति अवलम्वन गरिएको, सार्वजनिक भौतिक संरचनाहरु अपाँगमैत्रि निर्माण गरिएको, दलित सञ्जाल गठन र वजेटको व्यवस्था, वालवालिकाहरुलाई क्षमता विकास खेलकुद छात्रावृत्ति, पोषण तथा प्रोत्साहन जस्ता कार्यक्रम सञ्चालन गरिएको, गरिबि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम

सञ्चालन गरिएको, युवाहरुका लागी सीपमुलक तालिम तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिएको, लक्षित वर्गतर्फ प्रत्येक आ.व वजेट विनियोजन गर्दै आएको, महिला समुह, आमा समुह तथा सामुायिक संस्थाहरु क्रियाशिल बनाईएको छ ।

## *कमजोर पक्ष*

सिस्ने गाउँपालिकाको बिद्यमान सामाजिक संरचना, शैक्षिकस्तर, आर्थिक अवस्था र राजनैतिक तथा सामाजिक जागरण लगायतका बिद्यमान अवस्थाले गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको व्यवहारिक प्रयोजनमा केही समस्याहरु ल्याएको छ । संघीय सरकारले तय गरेका लैससास सम्वन्धी नीति तथा कानुनको स्थानीयकरण गरी कार्यान्वयन गर्न ढिलाई गरिनुले पनि गाउँपालिको लैससास सम्बन्धि निति र रणनीति तयार नभएकाले नयाँ बनेका संरचनाहरु पनि लैससास मुलप्रवाविकरण हुन नसकेको अवस्था रहेको छ । जसलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

क) गाउँपालिकामा महिला सम्बन्धी कार्यबिधि, ऐन, नियम बनाउँदा बढीजसो महिला सहभागिता हुन नसकेको ।

ख) लक्षित वर्गहरुको लागि सीपमुलक तथा व्यवसायीक तालिम हुन नसकेको ।

ग) सबै पूर्वाधारहरु लैससास मैत्री हुन नसकेका ।

घ) एकल महिलाहरुको शसक्तिकरणको लागि प्रभावकारी कार्यक्रम सञ्चालन हुन नसकेको । लक्षित वर्गको पहुँच बृद्धिको लागि हरेक क्षेत्रमा अर्थपूर्ण सहभागिता हुन नसकेको ।

ङ) स्थानीय तहमा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि छुट्टै नीति, रणनिति तथा कार्यक्रमको व्यवस्था नहुँदा बिकास प्रक्रियामा उनीहरुको सहज पहुँच पुग्न सकेको छैन ।

च) लक्षित व्यक्ति, समुदायको अवस्था विश्लेषण र आवश्यकता पहिचानको आधारमा वार्षिक योजना तथा कार्यक्रम निर्माण नहुदा स्थानीय स्रोत, साधन र विकास प्रक्रियामा लक्षित वर्गको पर्याप्त पहुँच हुन सकेको छैन ।

छ) गाउँपालिका भित्र प्रयाप्त दक्ष जनशक्तिको अभाव भएको कारणले पनि निर्माण गरिएका नीतिहरुलाई सम्बन्धित नागरीकहरुमा सुचना तथा जानकारी हुन नसक्नु ।

ज) खण्डिकृत तथ्याङ्कको अद्यावधिक तथा व्यवस्थापन नहुँदा लक्षीत बर्ग समुदायका आबश्यकताले प्राथमिकता पाउन सकेका छैनन् ।

झ) लक्षित वर्गहरुका लागि कार्यक्रम सञ्चालन गर्न प्रयाप्त बजेट विनियोजन हुन सकेको छैन ।

ञ) लैंगिक उत्तरदायि योजना तथा बजेट निर्माण नहुनु र सहभागितामूलक योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी नहुँदा सिमान्तकृत वर्ग समुदायलाई विकासको मूलप्रबाहमा ल्याउन सकिएको छैन ।

झ) लक्षित बर्गको उत्थान, सशक्तिकरण र क्षमता विकासका कार्यक्रमले प्राथमिकता नपाउँदा उनीहरुको जिवनस्तरमा अपेक्षाकृत सुधार आउन सकेको छैन ।

## *अवसर*

क) राज्य पुनर्संरचना अनुरुप तीन तहको सरकार मध्ये जनताबाट सबैभन्दा निकट रहेको स्थानीय सरकारले कानुनी अधिकार सहित जिम्मेवारी पाएकोले स्थानीय आबश्यकता अनुरुप नीतिगत ब्यबस्था गरी लागु गर्न सक्ने ।

ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी जारी गरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा नीतिगत व्यवस्थाको स्थानीयकरण गर्न सकिने ।

ग) गाउँपालिकाको वार्षिक योजना तथा बजेट बिनियोजन गर्दा महिला, बालबालिका, दलित लगायत लक्षित वर्गको उत्थान तथा विकासका लागि योजना तथा बजेट छुट्याउने परिपाटीको बिकास भएकोले नीतिगत ब्यस्था गरी संस्थागत गर्न सकिने ।

घ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा वञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायको उत्थान र सशक्तिकरणका लागि संरचना निर्माण साथै संस्थागत विकास तर्फ सकारात्मक प्रयासहरुको थालनी हुनु ।

ङ) स्थानीय तहमा क्रियाशिल बिभिन्न संजाल र गैरसरकारी संस्थाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि निरन्तर बहस तथा पैरवी गर्नुका साथै स्थानीय सरकारसंग नियमित सहकार्य हुनु ।

च) बिभिन्न संचार माध्ययमबाट लैससाससंग सम्बन्धीत सवालहरु उठान गर्ने र सम्बोधनका लागि सम्बन्धीत सरोकावालाको ध्यानाकर्षण गर्ने कार्यले निरन्तरता पाउनु ।

छ) लैससासमैत्री शासन ब्यबस्था र ब्यबहार अवलम्बनका लागि बिभिन्न सरोकारवालाबाट क्षमता बिकास सम्बन्धी कार्यक्रममा सहयोग बढेको छ ।

## २.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु र प्राथमिकीकरण

### *प्रमुख सवालहरु*

क) लैससासमैत्री योजना, बजेटको कार्यान्वयन तथा बजेट, उद्यमशील कार्यको अभाव ।

ख) ग्रामिण महिलालाई नेतृत्व विकास सहित नीति निर्माण तहमा प्रतिष्पर्धा गर्न व्यवहारिक तथा सामाजिक कठिनाइ रहनु ।

ग) निर्णायक भूमिकामा रहेका महिला नेतृत्वको समय सापेक्ष निर्णायक क्षमताको अभिवृद्धि गर्न नसक्नु ।

घ) समाजमा व्याप्त घरेलु हिंसा र लैङ्गिक हिंसाको अन्त्य गरी न्यायमा पहुँच बृद्धिका लागि प्रतिबद्वता सहितको कार्यान्वयन प्रणालीको विकास हुन नसक्नु ।

ङ) समाजमा बिद्यमान हानीकारक कुरीति, कुप्रथा, सामाजिक असमानता र लैंगिक बिभेदहरु कायमै रहनु ।

च) लैंगिक समानता र सामाजिक समावेशीकरण प्रक्रियाको आन्तरिकीकरण गरी संस्थागत गर्ने कुरामा संस्थागत तत्परता र नीति तथा योजनामा लैंगिक सवेदनशिलताको कमी रहनु ।

छ) लैससास उत्तरदायी बजेट तथा योजना निर्माणले प्राथमिकता पाउन नसक्नु ।

ज) समाजमा महिला पुरुषको समान अस्तित्वको स्विकार्यता र श्रम बजारमा महिलाको श्रमको उचित मुल्यांकन नगरिनु ।

झ) हिंसा पिडित तथा अति जोखिममा रहेका महिला, किशोरी र बालिकाको संरक्षणको लागि बैकल्पिक हेरचाह तथा सुरक्षाको सुनिश्चितता नहुनु ।

ञ) महिला, दलित जनजाती लगायत सामाजिक रुपले पछाडी पारिएका ब्यक्ति वा समुदायको समानुपातिक प्रतिनिधित्वलाई सहर्ष स्विकार गर्न नसक्नु ।

च) गलत सामाजिक मुल्य मान्यता, पितृसत्तात्मक सामाजिक सोंच र बिभेदपुर्ण लैङ्गिक भूमिकाले प्रश्रय पाइरहनु ।

### *सवालका विषयलाई प्राथमिकीकरण*

गाउँपालिका तहमा महिला, तथा गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावरण र सांस्कृतिक, योजना, बजेट, पहुँचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान गरि लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र गाउँपालिकाको विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।

क) सबै वडामा रहेका महिला, बालबालिका, दलित, जनजाति, अपाङ्ग, जेष्ठ नागरिकको आ-आफ्नो सञ्जालहरु परिचालन गरी लक्षित वर्गहरुको उत्थान तथा सशक्तिकरण सम्बन्धी सवालहरुमा बस्तीस्तरबाट माग भएका योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न नियमित बजेट बिनियोजन गरिने छ ।

ख) लैङ्गिक हिंसा पीडितहरु, जोखिममा रहेका असहाय एवं हेरचाह बिहीन बालबालिका र असहाय तथा हेरचाह बिहीन जेष्ठ नागरिकहरुको संरक्षणका लागि स्थानीय तहमा सेवा केन्द्रको ब्यस्थापन सम्बन्धी नियमित बजेट बिनियोजन गर्नुको साथै लैङ्गिक हिंसा पीडितहरुका लागि हिंसा पीडित संरक्षण कोष, बाल उद्धार कोष र जेष्ठ नागरीक संरक्षण कोषको स्थापना गरी परिचालन गरिने छ ।

ग) गाउँपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कूल कार्यक्रम बजेटको **१० प्रतिशत** रकम महिला, **१० प्रतिशत** रकम बालबालिका र **१५ प्रतिशत रकम** पछाडि पारिएको समुदाय जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा नियमित लगानी गर्न सुनिश्चित गरिने छ ।

घ) युवाहरुमा उद्यमशिलताको विकास मार्फत स्वरोजगार बनाई ब्यवसायिक उत्पादनतर्फ आकर्षित बनाउन गाउँपालिकाबाट युवा लक्षित कार्यक्रमहरुमा निश्चित प्रतिशत बजेट बिनियोजन गरिनेछ ।

ङ) किशोर किशोरीहरुको बिकास र बिभिन्न दुर्ब्यवहार बिरुद्ध वकालत गर्न सक्ने क्षमता बिकासका लागि किशोर किशोरी लक्षित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

## २.६ गाउँपालिकाको आगामी लैससास रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी तोकिएको प्रावधानहरुको व्यवस्था अनुरुप गाउँपालिकाको आगामी लैससास रणनितिको कार्यक्षेत्र निधारर्ण गरिएको हुन्छ ।

### २.६.१.योजना तर्जुमा, बजेट बिनियोजन तथा कार्यान्वयनः

#### १ स्थानीय तहमा योजना तर्जुमा :

क) सिस्ने गाउँपालिकाको हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनका चरणहरुमा समुदायमा लैङ्गिक तथा सामाजिक रुपले पछाडी पारिएका बर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिने छ ।

#### २. वजेट विनियोजन :

क) गाउँपालिकाले लैङ्गिक उत्तरदायी योजना तथा बजेट बिनियोजन प्रक्रियालाई अनिवार्य अवलम्वन गर्नेछ ।

#### ३. योजना कार्यान्वयन :

क) गाउँपलिकाबाट पारित भएका योजनाहरुको कार्यान्वयन चरणमा समुदायका लक्षित ब्यक्तिहरु (महिला, एकल महिला, दलित, बालबालिका, जेष्ठ नागरीक, अपाङ्ग, अल्पसख्यक आदि) को सहभागितालाई अनिवार्य गरिनेछ ।

### २.६.२ **आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरणः**

**क**) लक्षित वर्ग/समूहका विकासका अवसर श्रोत र साधनमा पहुँच अर्थपूर्ण सहभागिता गराइ उनीहरुलाई आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सशक्तिकरण गरिनेछ ।

**ख**) सामाजिक संरक्षण र सुरक्षा विशेषगरि बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपांगता, एकल महिला आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरु लागु गर्दै लैजानेछ ।

**ग)** विभिन्न प्रकारको महामारी र कोभिड-१९ को संक्रमण सुरु भए पश्चात बढेको समयमा विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरु लगायत सम्बन्धित सबै सरोकारवालाहरुलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गर्दै क्षमता विकास गरिनेछ ।

### ६.२.३ समन्वय, सहकार्य र सहजिकरणः

क) लैससास सम्बन्धी नीति, रणनिति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरण गरिनेछ ।

### ६.२.४ लैङ्गिक समानता तथा सामाजिक समाबेशी संयन्त्रहरुको ब्यवस्थापन र कार्यान्वयन :

गाउँपालिका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट गाउँपालिकामा लैङ्गिकमैत्री संयन्त्रहरुको गठन तथा ब्यवस्थापन, लैससास शाखा वा इकाई स्थापना र अनुगमन तथा मूल्यांकन गर्ने यसलाई संस्थागत गर्दै जानेछ ।

## परिच्छेद ३ पालिकाको लैससास मूलप्रवाहीकरण रणनितिका

### ३.१ गाउँपालिकाको लैससास रणनिति

***परिदृश्य :*** *'समृद्ध सिस्ने : हाम्रो गन्तव्य'* मुल नाराका साथ लैंगिक समानता र सामाजिक न्यायमा आधारीत भेदभावमुक्त लैंगिकमैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण गाउँपालिका निर्माण गर्ने ।

***ध्येय :*** गाउँपालिकाको सबै क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागिताका साथ लैससास सम्वन्धी समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउने ।

***लक्ष्य :*** *समृद्ध सिस्ने* बनाउन समग्र बिकास प्रक्रियामा लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको मूलप्राहिकरण गर्ने ।

***उद्देश्यहरु :***

यस रणनीतिको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि गाउँपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चितता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ ।

**यसका विस्तारित उद्देश्यहरु निम्न प्रकारका छनः**

१. गाउँपालिकाका हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनहरुमा स्थानीय जनताको लैंगिक तथा सामाजिक रुपले समानुपातीक सहभागिता सुनिश्चित गर्ने ।

२. महिला, दलीत, अपांग, जेष्ठ नागरीक, बालबालिका, विपन्न तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील भई लैंगिक तथा सामाजिक समावेशीकरणका विषय मूलप्रबाहीकरण प्रति उत्तरदायी र संबेदनशिल हुन स्थानीय तहका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एवम् सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

३. गाउँपालिका अन्तर्गतका बिषयगत शाखा, समिति, उपसमिति तथा बिभिन्न इकाईहरु र सबै वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरु र जनप्रतिनिधीहरुलाई स्थानीय तहको स्रोत परिचालन, सेवा प्रबाह र लाभ बाँडफाँड गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।

४. गाउँपालिकाका सम्पुर्ण संरचना लगायत गाउँ क्षेत्रमा कार्यरत संघसंस्था, विकास साझेदार, निजी क्षेत्र र सरोकारवालाहरुसंग समन्वय एवं पारस्परिक सम्बन्ध बिस्तार गरी योजना निर्माण, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन लगायत बिकासका सबै चरणहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका प्रक्रियालाई सुनिश्चित गर्ने सम्बन्धमां लैंगिक उत्तरदायी र जफावदेही हुन मार्गदर्शन गर्ने ।

५. लक्षित वर्ग/समुहका व्यक्तीहरूको सशक्तिकरण एबं क्षमता विकासका कार्यक्रम मार्फत सामुदायिक विकास प्रक्रियामा उक्त व्यक्ति तथा समुदायहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

६. स्थानीय तहका लक्षीत समुदायहरुको सवाल पहिचान गरी सम्बोधन प्रक्रिया सुनिश्चित गर्न स्थानीय तहमा खण्डिकृत तथ्यांक संकलन तथा अद्याबधीक गर्ने ।

## लैससास रणनीतिको औचित्यता :

संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न, एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न यो लैससास रणनीतिको औचित्यता रहेको बिषयमा निम्न बुँदाले स्पष्ट पार्दछन् ।

क) लैससास रणनीतिले सिस्ने गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिदै लैससास उत्तरदायी बजेट तथा योजना र लैंससासमैत्री शासन प्रणालीलाई संस्थागत गर्न र संरचनात्मक अवरोधहरू हटाउन र सुधारिएको जीविकोपार्जनको लागि स्रोतहरू व्यवस्थापनमा लक्षित वर्ग समुहको सहभागिता र लाभ बाँडफाँडलाई बढावा दिन मार्गनिर्देश गरेको छ ।

ख) लैससास रणनीतिले समाजमा बिद्यमान भईरहेका हिंसा तथा सामाजिक असमानता बिरुद्ध निरोधात्मक तथा नियमनकारी उपायहरु अवलम्बन गरी लैंगिक मूलप्रवाहिकरण र सामाजिक समावेशीकरण सहितको समाज निर्माण तर्फ अग्रसर हुन अभिप्रेरीत गरेको छ ।

ग) लैंससास रणनीतिले सरोकारवाला सबै निकायको कार्य भूमिका निर्धारण गरी कार्यान्वयन गर्न निर्देशन गरेकोले समग्र बिकासमा लैंगिक तथा सामाजिक समाबेशी मूल प्रबाहीकरणमा टेवा पुग्ने देखिन्छ ।

घ) लैससास रणनीतिले समन्वय र साझेदारीको अवधारणा बिकास गरी सिस्ने गाउँपालिकाको` लगायत यसक्षेत्र भित्रका सबै सार्वजनिक निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था एवं सामुदायिक संस्थालाई लैङ्गिक संवेदनशील योजना निर्माण तथा कार्यान्वयन र लैंगिकमैत्री कार्य व्यवहार अवलम्वन गर्न अभिप्रेरीत गरेको छ ।

ङ) लैससास रणनीतिले लैंगिक समानता र सामाजिक समाबेशीकरणका लागि नीतिगत ब्यबस्था र कार्यान्वयन भए नभएको सन्दर्भमा अनुगमन तथा निर्देशनको समेत ब्यबस्था गरेकोले लैससासमैत्री शासन ब्यबस्था अवलम्वनका लागि मार्गनिर्देश गरेको छ ।

च) लैससास रणनीतिले बिशेष गरी लक्षित वर्गहरुको शशक्तिकरण गर्दै हरेक क्षेत्रमा उनीहरुको अर्थपुर्ण सहभागिता सबै क्षेत्रमा अवसर, पहुच र लाभ सुनिश्चितता गर्नेको लागि मार्ग प्रशस्त गर्दछ ।

## लैंससास रणनितिको मुल्यमान्यताहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि लैंगिक सवेदनशिल शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको विकासको आवश्यकता पर्दछ । सहभागितामूलक विकासको अभ्यास र सामाजिक वहसको प्रक्रियाबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्न सकिने भएकोले लैससास रणनितिको आवश्यकता छ ।

**कोभिड -१९** को संक्रमण सुरु भए पश्चात् बढेको विभिन्न लैंङ्गिक हिंसा तथा घरेलु हिंसाका र बिभिन्न समयमा हुने विपदले निम्त्याउन सक्ने हिंसा अन्त्य गर्न सरकारी, गैर सरकारी तथा अन्य सघ-संस्थाहरूसँग समन्वय तथा सहकार्य गरि काम गर्नुपर्ने भएकोले र यस रणनीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण गाउँवासीहरूले विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्न ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा २, बुँदा ७ को उपबुँदा २** द्वारा प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो ५ बर्षे **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८"** तयार गरिएको हो ।

### ३.२ रणनितिक र कार्यनिति

सिस्ने गाउँपालिकाको लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिकाको दिर्घकालिन योजना तथा कार्यक्रमलाई लैससासमैत्री बनाइनेछ । बिद्यमान सकारात्मक उपलब्धीलाई संस्थागत गरी विपन्न एंव वञ्चित ब्यक्ति, समुदायले सामाना गर्नु परेका लैंगिक बिभेद, जातीय बिभेद, गलत सामाजिक अभ्यास तथा कुरीति बिरुद्ध रणनीति तथा कार्यनीति बनाई कार्यान्वयन गरिनेछ । लैंङ्गिक समानता र सामाजिक न्यायमा आधारीत समुद्ध गाउँपालिका निर्माण गर्ने परिकल्पनालाई साकार पार्न सिस्ने गाउँपालिकाले निम्न बमोजिमका लैससास सम्बन्धी प्रमुख रणनीतिहरु तय गरेको छ ।

**लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरु र कार्यक्रम :**

गाउँपालिकाको लैससास रणनीतिले निर्दिष्ट गरे अनुरुप स्थानीय तहका समग्र संरचना र विकासका योजना तथा कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री कार्यप्रणालीको विकास गरी संस्थागत गरिनेछ ।

***रणनीति नं १.***

स्थानीय तहको नीति, कार्यक्रम र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी पद्धतिको बिकास र लैंगिक संबेदनशिल कार्यप्रणाली अवलम्बन ।

**कार्यनीति**

**१.१. स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीति तथा योजनाहरूको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गरी समग्र विकासमा जोड दिने ।**

१.१.१ गाउँपालिकाको आबधिक, विषयगत एबं बार्षिक योजना, गुरुयोजना र विद्यामान नीति तथा कार्यक्रम, निर्देशिका र कार्यविधिहरुमा भएका लैगिक बिभेद तथा असमानताहरु पहिचान एबं विश्लेषण गरी लैंगिक तथा समावेशी प्रक्रियाबाट परिमार्जन र संशोधन गर्ने ।

१.१.२.लैंगिक तथा सामाजिक समावेशीकरण नीति र यसले निर्दिष्ट गरेका रणनीतिहरु कार्यान्वयन गर्न आवश्यक निर्देशिका एवम् कार्ययोजना निर्माण गरी लागु गर्ने ।

१.१.३.स्थानीय सरकारले वडा तहसम्म लैंगिक समानता तथा सामाजिक समाबेशी रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट निर्देशन गर्ने ।

१.१.४.स्थानीय तहमा रहेका संघसंस्था र सरोकारवाला निकायहरुलाई समेत लैंगिक तथा सामाजिक समाबेशी रणनीतिले निर्दिष्ट गरेका मार्गदर्शनहरुको बारेमा अभिमुखिकरण गराई सोही अनुरुप कार्यक्रम कार्यान्वयन गर्न निर्देशन गर्ने ।

१.१.५. सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि योजना तर्जुमा गर्ने

**१.२) महिला, बालबालिका, दलित, अपांगता भएका ब्यक्ति, जेष्ठ नागरिक, विपन्न एंव पिछडिएका वर्ग तथा समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने ।**

१.२.१.गाउँपालिका भित्र रहेका द्वन्द्व पीडित, महिला, एकल महिला, अपांग, जेष्ठ नागरीक लगायत वञ्चित समुदायलाई बिशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरुको जिविकोपार्जनमा सुधार गर्ने ।

१.२.२.गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरुको परिमार्जन तथा पुन:स्थापना, व्यवस्थापन र सुधार गर्ने ।

१.२.३.विपन्न एवम् बञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।

१.२.४.गाउँपालिकाको योजना तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एवम् विपन्न र बञ्चितिकरणमा समुदायको सहभागिता बढाउन क्षमता बिकासका कार्यक्रमहरु संचालन गर्ने ।

***रणनीति नं २.***

सुशासनमा आधारीत लैंगिक तथा सामाजिक समावेशी सहभागिता र संस्थागत संयन्त्रहरुको विकास र परिचालन ।

***कार्यनिति***

**२.१) स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।**

२.१.१) गाउँपालिकामा लैससास इकाई/शाखा स्थापना गर्ने र कार्यान्वयनका लागि लैंगिक सम्पर्क व्यक्ति तोक्ने ।
२.१.२) गाउँपालिकास्तरको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वयन समिति गठन गरी परिचालन गर्ने ।
२.१.३) गाउँपालिकामा गठन गरिने बिभिन्न समिति तथा उपसमितिहरुमा नेपाल सरकारको नीति अनुरुप लैंगिक तथा समावेशी सहभागिता सुनिश्चित गर्ने ।
२.१.४) गाउँपालिकाका सबै संयन्त्रहरु र यस क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरुमा लैंगिकमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको व्यबस्था सुनिश्चित गर्ने ।
२.१.५) गाउँपालिका र उक्त क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एवं निजी क्षेत्रबाट संचालीत योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समाबेशी परीक्षण (Gender and Social Audit) गर्ने, गराउने ।
२.१.६) पालिका क्षेत्रमा निर्माण उपभोक्ता समितिमा समाबेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाउने ।
२.१.७) गाउँपालिका क्षेत्रका सेवाग्राहीहरुको सहभागितामा सेवाप्रदायक निकाय तथा संस्थाहरुले आवधिक सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।
२.१.८) सामान्यतया ५० भन्दा बढी घरधुरी भएका समूहमा महिला, वञ्चित तथा दलित वर्गको सहभागिता हुने गरी लैंगिक तथा समाबेशी सहभागीता हुने गरी टोल समिति गठन गरी पचिालन गर्ने ।
२.१.९) महिला, बालबालिका अपांग, जेष्ठ नागरिक, दलित लगायतका वञ्चित वर्गको गाउँपालिकामा प्रत्यक्ष पहुँचका लागि सञ्जाल निर्माण गरी परिचालन गर्ने ।
२.१.१०) स्थानीय सरकारबाट गरिने सेवा प्रबाह प्रक्रियामा लैंगिक सम्बेदनशिल कार्य प्रणाली अवलम्वन गर्ने ।

**२.२) स्थानीय स्रोतको बिनियोजना तथा सेवा प्रवाह प्रक्रियालाई लैंगिक तथा सामाजिक समावेशी उत्तरदायी तथा जवाफदेही बनाउने ।**

२.२.१) स्थानीय तहका सम्पूर्ण कर्मचारीहरुको कार्य विवरणमा लैंगिक समानता तथा सामाजिक समबेशी हिसावले संबेदनशिलता हुनु पर्ने बिषयहरु समाबेश गर्ने ।
२.२.२) लैंगिक हिंसा बिरुद्ध शुन्य सहनशिलता अपनाउन दिर्घकालीन कार्ययोजना र आचारसंहिता बनाई लागु गर्ने ।
२.२.३) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरुका लागि लैंगिकमैत्री कार्यस्थल तथा कार्यवातावरणको सिर्जना गर्ने ।
२.२.४) गाउँपालिका कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशी नीति तथा कार्यक्रमहरुको बारेमा जानकारी गराउँन अभिमूखिकरण गरी लैंगिक संबेदनशिल कार्यप्रणाली तथा कार्यब्यबहार अपनाउन सजक बनाउने ।
२.२.५) समूह/समितिको निर्णय, आम्दानी तथा खर्च, लगायतका विवरण र प्रक्रिया पारदर्शी बनाउने ।
२.२.६) गाउँपालिका अन्तर्गतका समूहहरु र सेवाप्रदायक निकाय वीच पारस्परिक सम्बन्ध विस्तार गर्ने ।

**२.३) स्थानीयस्तरको निर्णायक तहमा लैंगिक तथा सामाजिक समाबेशी सहभागिता सुनिश्चित गर्ने, गराउने ।**

२.३.१) गाउँपालिकामा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका ब्यक्तिहरुको नेतृत्व विकास सम्बन्धी क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।

२.३.२) समुदाय तहका महिला, दलित तथा पछाडी पारिएको समुदायलाई नेतृत्व किास तथा क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको बिकास गर्ने ।
२.३.३) स्थानीय स्तरमा संचालीत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठित बिभिन्न समिति तथा उपसमितिहरु र टोल समुहका कार्यकारी समितिहरुमा महिला, दलित तथा वञ्चित वर्गका ब्यक्तिहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउने ।
२.३.४) उपभोक्ता समितिको मुख्य निर्णायक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने ब्यबस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

***रणनीति नं ३.***

**लैंगिक तथा सामाजिक समावेशीकरण संबेदनशिल बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन ।**

***कार्यनीति***

**३.१) स्थानीय तहका महिला, अपांग, दलित, जेष्ठ नागरिक, बालबालिका बिपन्न लगायत बञ्चित बर्गहरुको उत्थान सम्बन्धी कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने ।**

३.१.१) स्रोत र सेवामा महिला, दलित, विपन्न एंव वञ्चित वर्गको पहुँच बृद्धि, सशक्तिकरण मार्फत उनीहरुको आवाज सुदृढ र परम्परागत मूल्य मान्यतामा परिवर्तन ल्याउने किसिमको बजेट तथा कार्यक्रमलाई प्राथमिकता दिने ।
३.१.२) समुदायस्तरमा सम्पन्नता स्तरीकरण, सामाजिक विश्लेष्ण, सेवा तथा सुविधा नक्साङ्कन जस्ता आधारभुत सर्बेक्षण गरी तदनुरुप सबै पक्षलाई समेट्ने गरी जिविकोपार्जन र सशक्तिकरणका कार्यक्रमहरुलाई प्राथमिकता दिने ।
३.१.३) आम महिलाहरुमा जनचेतना तथा क्षमता बिकासका लागि प्रजनन् स्वास्थ्य, यौन रोग तथा एच.आई.भिं, एड्स, एकल महिला अधिकार, किशोर किशोरी शिक्षा, कानुनी शिक्षा, लैंगिक हिंसा न्यूनिकरण, महिला सशक्तिकरणका कार्यक्रम संचालन गर्ने ।
३.१.४) महिला उत्थान कार्यक्रम अन्तर्गत महिलालाई प्रत्यक्ष फाइदा पुग्ने गरी रकम बिनियोजीत गरी प्राविधिक जनशक्ति तयार, आय आर्जन, उद्यमशिलता बिकास तथा सिपमुलक विषयहरुलाई प्राथमिकता दिने । अति गरिब, जेष्ठनागरीक, अपाङ्ग तथा अशक्तलाई विशेष सहुलियत दिने कार्यक्रमको तर्जुमा गर्ने ।
३.१.५) लक्षित वर्गहरुको उत्थान क्षेत्रमा बस्तीस्तरबाट योजना तथा कार्यक्रम माग गरी प्रभावकारी कार्यान्वयनका लागि वडा तहमा गठन भएको महिला, बालबालिका, दलित, जनजाति, अपांग जेष्ठ नागरीकको आ-आफ्नो सञ्जाल परिचालनका लागि बजेट बिनियोजन गर्ने ।
३.१.६) गाउँपालिका तथा वस्तीस्तरमा गरिने योजना तर्जुमा सम्बन्धी छलफल तथा निर्णयहरु र कार्यक्रम कार्यान्वयन एबं अनुगमन प्रक्रियामा समेत महिला, दलीत, जेष्ठ नागरीक, अपांग लगायत वञ्चित तथा गरिब वर्गहरुको सहभागिता हुने गरी उनीहरुको संगठित सञ्जालहरुलाई संलग्न गराउने ।

**३.२) महिला, एकल महिला, अपांग, जेष्ठनागरीक, गरिब, दलित एंव वञ्चित वर्ग प्रति सकरात्मक र विभेदरहित हुने किसिमका कार्यक्रम सञ्चालन गर्ने ।**

३.२.१) गाउँपालिकाले नयाँ कर्मचारी भर्ना गर्दा कम्तिमा ३३ प्रतिशत महिलालाई स्थान दिने ।
३.२.२) सरकारी संयन्त्रहरुमा महिला एंव वञ्चित बर्गको सहभागिता बृद्धि गर्न स्थानीय तहका सम्भावित लक्षीत बर्ग समुदायका उम्मेदवारहरुलाई लोकसेवा पूर्व तयारी कक्षा एबं तालिमको व्यवस्था गर्ने ।
३.२.३) गाउँपालिका क्षेत्रभित्रका स्रोतको उपयोग र फाइदा बितरणमा दलित, वञ्चित तथा विपन्न वर्गको हिस्सा सुनिश्चित गर्ने ।
३.२.४) गाउँपालिकाको विकास कार्यमा आदिवासी जनजाति र दलितहरुको परम्परागत ज्ञान र सीपमा परिमार्जन र सुधार हुने कार्यक्रमहरु तर्जुमा एंव कार्यान्वयन गर्ने ।

३.२.५) लैंगिक हिंसा पीडितहरु, जोखिममा रहेका असहाय र हेरचाह बिहिन बालबालिका र असहाय तथा हेरचाह बिहिन जेष्ठ नागरीकहरुको संरक्षणका लागि सेवा केन्द्रको व्यस्थापन सम्बन्धी बजेट तथा कार्यक्रम ल्याउनुका साथै छुट्टै कोषको स्थापना गरी परिचालन गर्ने ।
३.२.६) महिला तथा वञ्चित वर्गको विद्यमान कार्यबोझ कम गर्ने किसिमका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

**३.३) गाउँपालिका लगायत यस क्षेत्रमा काम गर्ने सम्पूर्ण सेवा प्रदायक संयन्त्रहरुलाई लैंगिक तथा सामाजिक उत्तरदायी बनाउन साथै लैंगिक एवम् सामाजिक समबेशी हिसावले संवेदनशील कार्यक्रम तथा बजेट निर्माण र अनुगमन प्रणालीको संस्थागत बिकास गर्ने ।**

३.३.१) गाउँपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कार्यक्रम बजेटको निश्चित प्रतिशत रकम महिला, गरिब, दलित, एंव अन्य वञ्चित वर्गको जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा लगानी सुनिश्चित गर्ने ।
३.३.२) गाउँपालिकाबाट अधिकतम संख्यामा महिला, दलित र विपन्न एंव वञ्चित वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरुमा लगानी गर्ने ।
३.३.३) गाउँपालिकाको विकट एवं दुर्गम क्षेत्रमा कार्यान्वयन गरिने कार्यक्रम बजेट क्रमशः बृद्धि गर्दै जाने ।
३.३.४) गाउँपालिकाको सबै वडा तथा समुदाय तहसम्मको लैंगिक तथा सामाजिक खण्डीकृत तथ्याङ्क संकलन, विश्लेषण र नियमित अद्यावधिक गरी सूचना प्रवाह गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने ।
३.३.५) सबै तहमा गरिने सूचना संकलन तथा समिक्षामा लैंगिक, गरिबी तथा सामाजिक समता (Gender, Poverty and Social Equity) तर्फ भएका प्रगती मापन सम्बन्धी सूचकका आधारहरु तय गर्ने, गराउने ।
३.३.६) स्थानीय तहले अनुगमनका लागि उपयोग गर्ने प्रचलित अनुगमन फारामहरुमा लैंगिक तथा समाबेशी हुनेगरी परिमार्जन र स्थलगत परीक्षण तथा सुधार गर्ने ।
३.३.७) स्थानीय तहका योजना तथा कार्यक्रमहरु र सेवा प्रबाह प्रक्रियाको अनुगमनका लागि सूचना संकलन र विश्लेषण गर्न निश्चित कार्यक्रम र बजेटको व्यवस्था गर्ने ।
३.३.८) गाउँपालिका अन्तर्गतका सबै कार्यक्रमहरुको लैंगिक तथा सामाजिक परीक्षण गरी तदनुरुप परिमार्जन गर्दै जाने ।
३.३.९) गाउँपालिका तहमा गठन भएको लैंगिक तथा सामाजिक समावेशीकरण समितिले संयुक्त अनुगमन गरी वार्षिक समिक्षा गर्ने ।
३.३.१०) समुदाय स्तरमा स्वःअनुगमन प्रक्रियाको संस्थागत विकास गर्ने तथा सेवाप्रदायक संस्थाहरुका राम्रा सिकाइ तथा अनुभवहरुको आदान प्रदान गर्ने ।

**३.४) स्थानीय स्रोतहरुको न्यायोचित बितरण एवम् उपयुक्त रुपमा वित्तीय स्रोत तथा सेवा प्रबाह र फाइदाहरुमा पहुँच वृद्धि र उपयोग सम्बन्धी अधिकार सुनिश्चित गर्ने ।**

३.४.१) गाउँपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कार्यक्रम बजेटको निश्चित प्रतिशत रकम महिला, गरिब, दलित, एंव अन्य वञ्चित वर्गको जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा लगानी सुनिश्चित गर्ने ।
३.४.२) गाउँपालिकाबाट अधिकतम संख्यामा महिला, दलित र विपन्न एंव वञ्चित वर्गहरुलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरुमा लगानी गर्ने ।
३.४.३) गाउँपालिकाको विकट एवं दुर्गम क्षेत्रमा कार्यान्वयन गरिने कार्यक्रम बजेट क्रमशः बृद्धि गर्दै जाने ।
३.४.४) गाउँपालिकाको सबै वडा तथा समुदाय तहसम्मको लैंगिक तथा सामाजिक खण्डीकृत तथ्याङ्क संकलन, विश्लेषण र नियमित अद्यावधिक गरी सूचना प्रवाह गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने ।
३.४.५) सबै तहमा गरिने सूचना संकलन तथा समिक्षामा लैंगिक, गरिबी तथा सामाजिक समता (Gender, Poverty and Social Equity) तर्फ भएका प्रगती मापन सम्बन्धी सूचकका आधारहरु तय गर्ने, गराउने ।
३.४.६) स्थानीय तहले अनुगमनका लागि उपयोग गर्ने प्रचलित अनुगमन फारामहरुमा लैंगिक तथा समाबेशी हुनेगरी परिमार्जन र स्थलगत परीक्षण तथा सुधार गर्ने ।

**३.५) स्थानीय तहका योजना तथा कार्यक्रमहरु र सेवा प्रबाह प्रक्रियाको अनुगमनका लागि सूचना संकलन र विश्लेषण गर्न निश्चित कार्यक्रम र बजेटको व्यवस्था गर्ने ।**

३.५.१) गाउँपालिका अन्तर्गतका सबै कार्यक्रमहरुको लैंगिक तथा सामाजिक परीक्षण गरी तदनुरुप परिमार्जन गर्दै जाने ।
३.५.२) गाउँपालिका तहमा गठन भएको लैंगिक तथा सामाजिक समावेशीकरण समितिले संयुक्त अनुगमन गरी वार्षिक समिक्षा गर्ने ।
३.५.३) समुदाय स्तरमा स्वःअनुगमन प्रक्रियाको संस्थागत विकास गर्ने तथा सेवाप्रदायक संस्थाहरुका राम्रा सिकाइ तथा अनुभवहरुको आदान प्रदान गर्ने ।

**३.६) स्थानीय स्रोतहरुको न्यायोचित बितरण एवम् उपयुक्त रुपमा वित्तीय स्रोत तथा सेवा प्रबाह र फाइदाहरुमा पहुँच वृद्धि र उपयोग सम्बन्धी अधिकार सुनिश्चित गर्ने ।**

३.६.१) समुदाय तहमा कृषिको आधुनिकीकरण तथा कृषि विकासका क्रियाकलाप मार्फत विपन्न वर्गको खाद्य सुरक्षा बृद्धि गर्ने । विपन्न तथा वञ्चित समुदायहरुलाई श्रोत र सेवामा समानुपातिक पहुँच सुनिश्चितता र वैकल्पिक रोजगारीका अवसरहरुको मात्रामा उल्लेख्य बृद्धि गर्ने ।
३.६.२) गाउँपालिकाको बार्षिक कार्यक्रमहरुमा महिला, विपन्न एंव वञ्चित वर्गको आवश्यकता पहिचान गरी माग अनुसारका कार्यक्रमहरुलाई प्राथमिकता दिई योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
३.६.३)लक्षीत बर्ग समुदायमा टेवामूलक कार्यक्रम मार्फत महिला र बालवालिका माथि हुने बिभेद र हिंसा न्यूनिकरण गर्ने, महिलाका बिद्यमान कार्यबोझ कम गर्ने र स्वास्थ्य स्थिति सुधार गर्नमा योगदान हुने खालका कार्यक्रम गर्ने ।
३.६.४)आन्तरिक तथा सेवाप्रदायक संस्थाहरुसँगको पारस्परिक सहयोगी सम्बन्ध र समूह/समुदायमा लैंगिक तथा जातिगत विभेद घटाउदै लैजाने ।

***रणनीति नं ४.***
नेपाल सरकारले लैंगिक समानता तथा सामाजिक समाबेशी बिकाका लागि जारी गरेका राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रतिबद्धतहरुको कार्यान्वयन ।

***कार्यनीति***

**४.१) लैंगिक हिंसा तथा यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता कायम गर्दै हिंसा मुक्त समाज निर्माण तर्फ अग्रसर रहने ।**

४.१.१) नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानुन, सन्धी, महासन्धी र सम्झौताहरुको वारेमा स्थानीय तहका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा व्यापक जानकारी गराउने ।
४.१.२) महिला, बालबालिका र मानवअधिकार सम्बन्धी निर्माण गरिएका राष्ट्रिय कानुनहरु र नेपाल सरकारद्धारा बिभिन्न समयमा गरिएका मानवअधिकार, CEDAW CRC, BPFA लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरुका बारेमा वडा तथा समुदाय तहमा ब्यापक जानकारीको लागि सचेतनामुखि अभियानका कार्यक्रमहरु संचालन गर्ने ।
४.१.३) गाउँपालिकाको वडा तहसम्म लैससास र अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप स्थानीय तहमा बिभिन्न सिप तथा क्षमता बिकासका कार्यक्रम कार्यान्वयन गर्ने ।
४.१.४) लैंगिक हिंसामुक्त वडाहरु र वस्ती घोषणा गर्नका लागि गाउँपालिका ले दिर्घकालिन कार्ययोजना बनाई प्रतिबद्धताका साथ सबै सरोकारवालाहरुसंगको सहकार्यमा वडा तथा समुदाय तहमा ब्यापक अभियान संचालन गर्ने ।
४.१.५) शान्ति निर्माण प्रक्रियामा महिला सहभागीता अभिबृद्धि र द्वन्द्व र द्वन्द्वपश्चात हुने हिंसाबाट प्रभाबीतहरुको सुरक्षा सम्बन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्बन्धी बिषयमा जनप्रतिनिधी लगायत सबै कर्मचारीहरु र समुदायस्तरमा अभिमूखिकरण गर्ने साथै संचार माध्ययम र प्रचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याइ जानकारी गराउने ।

४.१.६) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यबहार (निवारण) ऐन ०७१ मा भएका प्राबधानहरुको बारेमा जनप्रतिनिधी लगायत कर्मचारी तहमा ब्यापक जानकारी गराई यौनजन्य दुरब्यबहार बिरुद्ध शुन्य सहनशिलता अपनाउन प्रेरीत गर्ने ।

**४.२) समाजमा बिद्यमान गलत सामाजिक अभ्यास तथा सामाजिक बिभेदको अन्त्य, महिलाहरुको श्रमको उचीत मुल्यांकन र दिगो बिकास प्रक्रियालाई संस्थागत गर्ने ।**

४.२.१) समुदायस्तरमा प्रचलित कुरिति र कुसंस्कार अन्त्य गर्ने खालका सुजनात्मक कार्यक्रमहरु जस्तै : जातीय विभेद, सामाजिक बिभेद, लैंगिक बिभेद बिरुद्ध समुदाय तहमा कानुनी शिक्षा र जनचेतनामूलक अभियान संचालन गरी समुदाय तहमा बिभेद बिरुद्ध वकालत गर्ने क्षमताको अभिबृद्धि गर्ने ।
४.२.२) बैदेशिक रोजगारीमा जाने महिलाहरुलाई बैदेशिक रोजगारी सम्बन्धी ब्यबस्थाहरुको बारेमा ज्ञान र बिदेशमा गई काम गर्न सक्ने सिप तथा क्षमता बिकासका कार्यक्रमहरु संचालन गर्ने,
४.२.३) दिगो विकास एजेण्डा २०३० मा ब्यबस्था भएका १७ वटा लक्ष्यहरु र उक्त लक्ष्य अन्तगतका सुचकहरु साथै दिगो विकास लक्ष्य नं ५ ले निर्दिष्ट गरेको लैंगिक समानता तथा महिला सशक्तिकरण बारेमा नगरकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा बार्षिक नीति तथा कार्यक्रम र बजेटको बिनियोजनमा प्राथमिकता दिने ।
४.२.४) आम महिलाहरुको दैनिक घरायसी कामको मुल्यांकन गरी उत्पादन मुल्यमा समायोजन गर्ने ।

गाउँपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थाागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा **कार्यान्वयन गरि मूलप्रवाहिकरण गर्दै** लगिने रणनीति लिने छ ।

## ३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि कार्ययोजना :

| उद्धेश्यहरु | कार्यक्रमहरु | जिम्मेबार निकाय | समय अवधि | लक्षित वर्ग /समुह |
|---|---|---|---|---|
| **उद्धेश्य** १. गाउँपालिकाका हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनहरुमा स्थानीय जनताको लैंगिक तथा सामाजिक रुपले समानुपातीक सहभागिता सुनिश्चित गर्ने । | १.गाउँपालिकाको आबधिक, विषयगत एवं बार्षिक योजना, गुरुयोजना र विद्यामान नीति तथा कार्यक्रम, निर्देशिका र कार्यविधिहरुमा भएका लैगिक बिभेद तथा असमानताहरु पहिचान एवं विश्लेषण गरी लैंगिक तथा समावेशी प्रक्रियाबाट परिमार्जन र संशोधन गर्ने ।<br><br>२.लैंगिक तथा सामाजिक समावेशीकरण नीति बनाउने र यसले निर्दिष्ट गरेका रणनीतिहरु कार्यान्वयन गर्न आवश्यक निर्देशिका एवं कार्ययोजना निर्माण गरी लागु गर्ने ।<br><br>३.स्थानीय सरकारले वडा तहसम्म लैंगिक समानता तथा सामाजिक समाबेशी रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट निर्देशन गर्ने ।<br><br>४.सशक्तिकरण एवं क्षमता विकासका कार्यक्रम मार्फत सामुदायिक विकास प्रक्रियामा स्थानीय व्यक्ति एवं समुदायहरुको सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गरिने छ ।<br><br>५. बार्षिक योजना तर्जुमाको चरणमा सम्बोधन प्रक्रिया सुनिश्चित गर्नका लागि स्थानीय सवाल तथा समस्याहरुलाई नियमित अद्याबधिक गरिनेछ ।<br><br>६) टोल, बस्ती हुँदै वडाहरुमा योजना तर्जुमाका चरणहरुमा महिला सहभागिता र सामाजिक रुपले बञ्चितिकरणमा परेकाहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।<br>७. गाउँपालिकाको भित्र कार्यरत सबै सामाजिक संघ संस्थामा | गाउँपालिका, वडा कार्यालय | १-३ बर्ष | १. लक्षित वर्ग/समुह<br><br>२. नीति, रणनीतिहरु कार्यविधि कार्यान्वयन निर्देशिका लक्षित वर्ग/समुहका लागि ।<br><br>३.लक्षित वर्ग/समुह<br><br>४. लक्षित वर्ग/समुह विशेष गरी महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, विपन्न तथा बञ्चितीकरणमा परेका समूहका<br><br>५. खोज तथा अनुसन्धान गरि लक्षित वर्ग/समुह सवाल तथा समस्या पहिचान गर्ने।<br><br>६. ३३ प्रतिशत महिला सहभागिता<br><br>७. लैससास आचार सहिंताको निर्माण<br><br>८. नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्वारा प्रदान गरिएको लैंगिक समानता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न |

| | | | | |
|---|---|---|---|---|
| | लैससास रणनीति बनाउन उत्प्रेरित गर्ने र सबै वडालाई सुरक्षित र मर्यादित बनाउनका लागि लैससास आचार सहिंताको निर्माण गरि कार्यान्वयन गर्ने ।<br><br>८.लक्षित वर्ग/समुह तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br><br>९. सबै नीतिहरूमा अपाङ्गता भएका व्यक्तिहरूका आयामलाई प्रणालीगत रुपमा समाबेश गर्ने ।<br><br>१०. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।<br><br>११. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद रहिंसाका घटनाहरूसँग सम्वन्धित उजुरी दर्ता किताब र यस सम्वन्धि नपाको नीति,रणनिति तथा कार्यविधिहरु निमार्ण ।<br><br>१२.बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br><br>१३. गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु लाई प्राथमिकीकरण गर्ने | | | ९. अपाङ्गता भएका व्यक्तिहरूको<br><br>१०. लक्षित वर्ग/समुह<br><br>११. गाउपालिकाको नीति,रणनिति तथा कार्यविधिहरु निमाण<br><br>१२. बैदेशिक रोजगारीमा गएका वर्ग<br><br>१३. प्रमुख सवालहरु प्रथामिकीकरण प्रमाणिकरण कार्य विधि । |
| **उद्धेश्य २.**<br>महिला, दलित, अपांग, जेष्ठ नागरिक, बालबालिका, विपन्न तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी | १. गाउँपालिका लगायत वडा तहसम्म लैससासका विषय जानकारी गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरीत गरिने ।<br><br>२. गाउँपालिकामा गठन गरिने बिभिन्न समिति तथा उप-समितिहरुमा नेपाल सरकारको नीति अनुरुप लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्ने । | गाउँपालिकाको | १-५ बर्ष | १. महिला, बालबालिका, अपांगता र मानव अधिकार लगायतका क्षेत्रमा नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रमा भएका प्रावधानहरुको बारेमा सबै निकायहरुमा<br><br>२.लक्षितवर्ग/समुह |

| | | | | |
|---|---|---|---|---|
| संवेदनशील भई लैंगिक तथा सामाजिक समावेशीकरणका विषय मूलप्रबाहीकरण प्रति उत्तरदायी र संबेदनशिल हुन स्थानीय तहका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एबं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने, | ३. लैङ्गिक हिँसा बिरुद्ध सुन्य सहनशिलता अपनाउन गाउँपालिकाको दिर्घकालीन कार्ययोजना र आचारसंहिता बनाई लागु गर्ने ।<br>५. उपभोक्ता समितिको मुख्य निर्णायक पदहरुमा क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने ब्यवस्थालाई अनिवार्य बनाई प्रभावकारी कार्यान्वयन गरिने छ ।<br><br>६. जनचतेनामूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन गर्ने।<br><br>७. बिपन्न बर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>८. लक्षित वर्ग समुहहरूको लागि समूह निर्माण र सबलीकरण, लघु-उद्यम विकास योजना, होटेल ब्यबस्थापन, कम्प्युटर तथा मोबाइल मर्मत आदि कार्यक्रम सचालन गर्ने।<br><br>९. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>८.गाउँपालिकाको तहमा गठन भएका लक्षीत ब्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गराउने।<br><br>९. बैक,सहकारी र फाइनान्स कम्पनी जस्ता संस्थाबाट लक्षित वर्ग/ समुहका व्यक्तिहरूलाई सामाजिक उतरदायि बजेट लगानी गरी आयआर्जनको व्यवस्था मिलाउने। | | | ३.लक्षित वर्ग/समुह<br><br>५.महिला दलित तथा अन्य सीमान्तकृत समुहहरूबाट<br><br>६.समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यता र व्यवहारहरूलाई परिवर्तन गर्ने खालका<br><br>७. खाने पानी,वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो , गोबर ग्यास, खाद्य प्रशोधन आदि<br><br>८. बिपन्न तथा एकल महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ट नागरिक, यौनिक अल्पसंख्यक तथा सीमान्तकृत समुहहरू<br><br>९.बिपन्न तथा एकल महिला र अन्य सीमान्तकृत समुहहरूको आय बृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू |
| **उद्धेश्य ३.**<br>गाउँपालिका अन्तर्गतका बिषयगत शाखा, समिति, | १.गाउँपालिकाको लैससास इकाई/शाखा स्थापना गर्ने ।<br>२. अनुगमन संयन्त्र (संजाल) कार्यविधि निमार्ण हुनेछ। | | | १.लैससास इकाई /शाखा स्थापना भएको |

| | | | | |
|---|---|---|---|---|
| उपसमिति तथा बिभिन्न इकाईहरु र सबै वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरु र जनप्रतिनिधीहरुलाई स्थानीय तहको स्रोत परिचालन, सेवा प्रबाह र लाभ बाँडफाँड गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने । | ३.गाउँपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।<br><br>४.महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत बनाई परिचालन गर्ने ।<br><br>५. आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको आर्थिक तथा सामाजिक उत्थानमा लगानी गर्ने ।<br><br>६.गाउँपालिकावाट बिनियोजित स्रोत र सेवा प्राप्तीमा लक्षित वर्ग/समुहको पहुँच बृद्धि साथै उनीहरुको सशक्तिकरण र परम्परागत मूल्य मान्यतामा सकारात्मक परिवर्तन ल्याउने किसिमको कार्यक्रम गर्ने। | | | २ अनुगमन संयन्त्र (संजाल) नामावली, कार्यविधि आदि<br><br>३.लैससास सम्पर्क व्यक्ति नियूक्त प्रत्रको प्रतिलिपि ।<br><br>४. महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत कार्यविधि प्रतिलिपि ।<br><br>५.महिला, दलित, बिपन्न तथा एकल महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य<br>६. महिला, दलित, विपन्न एवं वञ्चित वर्गको |
| **उद्धेश्य ४.**<br><br>गाउँपालिकाका सम्पुर्ण संरचना लगायत नगर क्षेत्रमा कार्यरत संघसंस्था, विकास साझेदार , निजी क्षेत्र र सरोकारवालाहरुसंग समन्वय एबं पारस्परिक सम्बन्ध बिस्तार गरी योजना निर्माण, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन लगायत बिकासका सबै | १. अनुगमन प्रणालीको संस्थागत बिकास गर्ने ।<br><br>२.गाउँपालिकाको संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैगिकमैत्री शौचालय व्यवस्था सुनिश्चित गर्ने ।<br><br>३.गाउँपालिका र सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई सम्वोधन गर्ने यवस्था मिलाउने ।<br><br>४.गाउँपालिका क्षेत्रभित्र रहेका लक्षित वर्ग/समुहलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।<br><br>५.स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने । | | | १. गाउँपालिका लगायत यस क्षेत्रमा काम गर्ने सम्पूर्ण सेवा प्रदायक संयन्त्रहरुलाई लैंगिक तथा सामाजिक उत्तरदायी बनाउन साथै लैंगिक एबं सामाजिक समबेशी हिसावले संवेदनशील कार्यक्रम तथा बजेट निर्माण र कार्यन्यपन प्रभावकारीताको लागि अनुगमन संयन्त्र (संजाल) बनेका ।<br><br>२.सबै पूर्वाधार तथा सामाजिक संरचनालाई लैससास मैत्री बनेका ।<br><br>३.स्तनपान कक्ष, शिशु स्याहार कक्ष आदिको |

| | | | | |
|---|---|---|---|---|
| चरणहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका प्रक्रियालाई सुनिश्चित गर्ने सम्बन्धमां लैंगिक उत्तरदायी र जफावदेही हुन मार्गदर्शन गर्ने । | ६.जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।<br><br>७.आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।<br><br>८.सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।<br><br>९.प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत व्यक्ति समुदायलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने । | | | ४. महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत वञ्चित व्यक्ति, समुदाय<br><br>५. आदिवासी जनजाति तथा दलित बर्गका<br><br>**६.** विपन्न एबं बञ्चित ब्यक्ति, समुदायका<br>७. लक्षित वर्ग/समुह<br><br>८. बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायका<br><br>९. लक्षित वर्ग/समुह |
| **उद्धेश्य ५.**<br><br>लक्षितवर्ग/समुहका व्यक्तीहरूको सशक्तिकरण एबं क्षमता विकासका कार्यक्रम मार्फत सामुदायिक विकास प्रक्रियामा उक्त व्यक्ति तथा समुदायहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने | १.स्थानीय महिला, एकल महिला, अपांग, अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।<br><br>२.स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,<br><br>३.गाउँपालिका तहमा गठन भएका लक्षीत व्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।<br><br>५.लैंगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिकाको घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने, | | | १.महिला, एकल महिला, अपांग, यौनिक अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको<br><br>२. महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको<br><br>३. महिला, एकल महिला, अपांग, यौनिक अल्पसंख्यक, दलित सजांल<br><br>५. हिंसा मुक्त वडा, गाउँपालिकाको घोषणा |

| | | | | |
|---|---|---|---|---|
| | गराउने ।<br><br>६.लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति हुनेछ । अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ । | | | ६ अनुगमन प्रतिवेदन आदि । |
| ६.स्थानीय तहका लक्षित समुदायहरुको सवाल पहिचान गरी सम्बोधन प्रक्रिया सुनिश्चित गर्न स्थानीय तहमा खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधिक गर्ने । | १.लैससासंग सम्बन्धित सम्पूर्ण तथ्याङ्कहरुलाई खण्डिकृत रुपमा अभिलेखिकरण गरी सोको विश्लेषण र नियमित अद्यावधिक गरी योजना तर्जुमा गर्दा सो तथ्याङ्कलाई प्रमुख आधारको रुपमा उपयोग गरिनेछ ।<br><br>२.गाउँपालिका भित्रका सबै वडाको लैससास सम्बन्धि सबै वडाको पार्श्वचित्र बनाउने । | | | १. खण्डिकृत तथ्याङ्क (लक्षित वर्ग/समुह) नियमित अद्यावधिक गर्ने।<br><br>२.वडाको पार्श्वचित्र बनाउँन । |

## ३.४. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती :

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउँन सकिन्छ । गाउँपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी गरिनेछ । गाउँपालिकाका क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । त्यसैगरी लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता विकास गरिनेछ ।

### ३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :

लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिकाका भित्रका भौतिक संरचना लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससासमैत्री बनाईनेछ । सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिनेछ ।

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

ख) गाउँपालिकाकास्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।

ग) लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका विभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सुचना शाखाको प्रभावकारी ब्यबस्थापन गरी खण्डिकृत बिद्युतिय सुचना प्रणालीलाई ब्यवसिथत र क्रियाशिल बनाउने ।

झ) गाउँपालिकाका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।

ञ) हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाहरुको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, जोखिममा रहेका तथा बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीक र बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यवस्था सुनिश्चित गर्ने ।

### ३.४.२. गाउँपालिको लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण :

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाका लगायत यस क्षोत्रभित्रका सबै सरोकारवाला निकायले दायीत्व बोध गर्नु जरुरी छ । लैससास रणनीतिले सिस्ने गाउँपालिकाको लगायत यस क्षेत्रभित्र क्रियाशिल विभिन्न निकाय वा

सरोकारवालाले लैससासको क्षेत्रमा अवलम्वन गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी जिम्मेवारी तोकिएको छ । लैससास रणनीतिमा तोकिएको कार्यभूमिका प्रभावकारी कार्यान्वयन गर्न लैससास शाखाबाट नियमित समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गरिने छ । लैससास नीतिमा निर्दिष्ट कार्यभूमिका निम्न बमोजिम उल्लेख गरिएको छ ।

| जिम्मेवार निकायहरु | कार्यभूमिका |
|---|---|
| सिस्ने गाउँपालिको | ▪ गाउंपालिकाका समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति, रणनिति तथा कानुनको समिक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने ।<br>▪ लैंससास उत्तरदायी योजना तर्जुमा तथा बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।<br>▪ लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।<br>▪ वडा तथा टोलबस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।<br>▪ गाउंपालिकाका लगायत गाउँपालिका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैंगिक तथा सामाजिक समावेशी पहुँच बृद्धिका लागि स्पष्ट निर्देशन दिने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैंगिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने ।<br>▪ लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।<br>▪ गाउँपालिकाका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।<br>▪ हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र र जोखिममा रहेका र बिशेष स्याहारको आवश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।<br>▪ स्थानीय महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रबाह र लाभमा पहुँच बृद्धिका लागि परिचालन गर्ने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गर्ने ।<br>▪ स्थानीय आबश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने । |
| वडा कार्यालय | ▪ गाउँपालिकाका जारी गरिएका नीति, रणनिति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा बजेट निर्माण प्रति सम्वेदनशिलता अपनाउने ।<br>▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, लैंगिक तथा यौनिक |

| | |
|---|---|
| | अल्पसंख्यक, बालबालिका, अपांग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ सार्वजनिक स्रोत तथा सेवा प्रबाह र लाभमा लैंगिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br>▪ योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।<br>▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी  गाउँपालिकाकासुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने । |
| लैंगिक समानता तथा सामाजिक समावेशी शाखा | ▪ गाउँपालिकाका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापको मूलप्रवाहीकरण सम्बन्धमा नीति, रणनिति तथा कानुन पुनरावलोकन गर्न नगरकार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने ।<br>▪ विभिन्न विषयगत शाखा बीच समन्वय गरी गाउँपालिकाको खण्डीकृत तथ्याङ्क र विश्लेषण गरिएका सूचना अनुरुप नियमित योजना तथा कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने ।<br>▪ योजना, कार्यक्रम तथा बजेट लैससास मैत्री भए नभएको एकिन गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सूचकहरु समावेश हुनेगरी खण्डीकृत ढाँचा तयार गरी अनुगमन तथा निर्देशन समितिलाई उपलब्ध गराउने ।<br>▪ क्षमता विकास कार्यक्रम संचालन गरी लैंगिक सवेदनशिल कार्य प्रणाली र कार्य प्रक्रिया अवलम्वन गर्न सहयोग गर्ने ।<br>▪ लैंगिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैंगिक तथा समावेशी सवाल सम्बन्धी गुनासा एबं उजुरी सम्बोधनका लागि नगरकार्यपालिकासंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न सहजीकरण एवं सहयोग गर्ने ।<br>▪ गाउँपालिकालाई लैंगिक हिंसामुक्त बनाउन र कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार बिरुद्ध सुन्य सहनशिलता अभिबृद्धि गर्न आवश्यक कार्ययोजना निर्माण गरी लागु गर्न पहल तथा वकालत गर्ने ।<br>▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाको पहिचान गर्न विकास साझेदारसंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाको लैंगिक उत्तरदायी योजना तथा बजेट निर्माण र वार्षिक रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम, बजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने ।<br>▪ महिला, दलित, अपांग, जेष्ठ नागरीक आदिवासी जनजाति लगायतका समुदायहरुको बिभिन्न सञ्जालहरु गठन सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्ने । |

| | |
|---|---|
| | ▪ लक्षीत व्यक्ति, समुदायको उत्थानका लागि गठन भएका सञ्जालको क्षमता विकास गरी योजना तर्जुमा लगायत विकास निर्माणका कार्यमा क्रियाशिल बनाउने ।<br>▪ लैंगिक तथा घरेलु हिंसा पिडित महिला, किशोरी तथा बालिकाको संरक्षणका लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्थापन र परिचालन गर्न पहल तथा समन्वय गर्ने । |
| लैंगिक सम्पर्क व्यक्ति | ▪ महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,<br>▪ गाउँपालिकाको सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षीत समुहका गुनासो सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र  नगरकार्यपालिका समक्ष जानकारी गराउने ।<br>▪ गाउँपालिकामा लैससास उत्तरदायी बजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एवम् सहजिकरण गर्ने ।<br>▪ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका विभेदहरु बिरुद्ध शुन्य सहनशिलता बृद्धि गर्न गाउँपालिकाका क्षेत्र भित्रका सबै निकाय बिच समन्वयकारी भूमिका निर्वाह गर्ने ।<br>▪ लैससास सम्बन्धी आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैससास शाखामा जानकारी गराउने ।<br>▪ समुदायमा बिद्यमान लैंगिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मुल्य मान्यता र गलत सामाजिक अभ्यास बिरुद्ध अभियान संचालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने ।<br>▪ लैंगिक हिंसा तथा घरेलु हिंसा विरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिवृद्धि गरी शुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजन गर्न टोलबस्ती तथा बडाहरु र गाउँपालिकामा सहजिकरण गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससासमैत्री कार्य व्यवहार र संवेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारणा  स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रम माग गर्ने ।<br>▪ सुचना शाखासंग निकटतम सम्बन्ध एवं समन्वय बिस्तर गरी गाउँपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैंगिकमैत्री शौचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने ।<br>▪ गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यत : बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंससासमैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ अभिप्रेरित गर्ने । |
| अन्य विषयगत शाखा | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा लैंगिक तथा समाबेशी पहुँच बृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसंग समन्वय कायम गर्ने ।<br>▪ विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने । |

| | |
|---|---|
| स्वास्थ्य शाखा | ▪ लैंगिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रवाह कार्यमा लैंगिक संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।<br>▪ स्थानीय तहका सबै स्वास्थ्य कार्यालयलाई लैससासमैत्री सेवा प्रवाहका लागि आबश्यक निर्देशन गर्ने ।<br>▪ लैससासमैत्री सेवा प्रबाहका लागि आबश्यक संरचना तथा उपकरण ब्यबस्थापन सम्बन्धी योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।<br>▪ सुरक्षीत प्रजनन् सेवा प्रबाहका लागि आबश्यक संरचना लगायत सामाग्री ब्यबस्थापनका लागि योजना बनाई माग गर्ने ।<br>▪ महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका ब्यक्ति तथा समुदायलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भए नभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने । |
| शिक्षा शाखा | ▪ अति बिपन्न तथा बिभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आबश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवा खाजाको ब्यबस्थापन गरी नियमित बिद्यालय आउने वातावरण सृजना गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।<br>▪ बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।<br>▪ बिचमा बिद्यालय छोड्नो प्रबृति हटाउनका लागि अति गरिव, असाह्य, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।<br>▪ विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ विद्यालयमा बालक र बालिकाको लागि लैंगिकमैत्री सौचालय र बालमैत्री खानेपानी धारा तथा सौचालयको व्यवस्थापनका लागि योजना बनाई गाउँपालिका समक्ष माग गर्ने । |
| प्रहरी कार्यालय | ▪ घरेलु हिंसा वा लैंगिक हिंसा बिरुद्ध अभियानहरुमा सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।<br>▪ प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिला वा बालिका बिरुद्ध हिंसा वा दुरब्यबहारको अनुसन्धान कार्य छीटो छरीतो र चुस्त दुरुस्त गर्ने ।<br>▪ बाल बिबाह, लागु औषध दुरर्ब्यसनी बिरुद्ध सचेतनामूलक अभियानमा सहभागि हुने ।<br>▪ अनुसन्धान प्रक्रियामा लैंगिकमैत्री ब्यबहार तथा बालमैत्री ब्यबहार अवलम्वन गर्ने ।<br>▪ अनुसन्धान प्रक्रियामा महिला, किशोरी र बालबालिकाको गोपनियतामा ध्यान दिने । |
| विकासका साझेदारहरु | ▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>▪ महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>▪ विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता विरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |

| | |
|---|---|
| गैरसरकारी संस्थाहरु | ▪ गाउँपालिकाबाट निर्माण गरी जारी गरिएका लैससासमैत्री नीति तथा कानुनको प्रभावकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>▪ लैंङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु<br><br>(महिला, एकल महिला सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, अपांगता संञ्जाल, दलित सञ्जाल, बाल सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको सञ्जाल) | ▪ लैंगिक बिभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियान रुपि कार्यक्रम माग गर्ने ।<br>▪ लक्षीत बर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्यारु पहिँचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।<br>▪ स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ लैंगिक हिंसा पिडित महिला तथा बालिका, असाह्य एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था गर्न माग गर्ने ।<br>▪ सम्बन्धित वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रही लैंगिकमैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि वकालत गर्ने । |
| निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल ब्यबसायि संघ, यातायात ब्यबसायी संघ, विकास बैंक आदि) | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने,<br>▪ महिला, बिपन्न तथा वञ्चित समूहको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासँग समन्वय र सहयोग गर्ने ।<br>▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहान गर्ने ।<br>▪ गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| समुदाय | ▪ गाउँपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।<br>▪ आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आबश्यकता अनुसार सम्बन्धित वडा र गाउँपालिकामा |

| | |
|---|---|
| | सम्बोधनका लागि माग पेश गर्ने । <br><br>▪ सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा  नियमित समन्वय र साझेदारी गर्ने । <br><br>▪ सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने । <br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने । <br>▪ स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने । |

### ३.४.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :

क) लैससास शाखा र सम्पर्क व्यक्तिलाई रणनीति कार्यान्वयन तरीका तथा तोकिएको कार्यभूमिका बारे अभिमूखिकरण तथा सहजीकरण गरी व्यापक जानकारी गराउने ।

ख) लैंगिक हिंसा तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा भएका कानुनी व्यवस्थाहरुबारे गाउँपालिकाको  जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गर्ने ।

ग) गाउँपालिकाको सेवा प्रवाह र कार्यप्रणालीलाई लैससास मैत्री बनाउन, लैंगिकता, महिला महासन्धी, बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२० दिगो विकास लक्ष्य लगायतका विषयहरुमा तालिम तथा अभिमूखिकरण गरी व्यापक जानकारी गराउने ।

घ) लैससास शाखा लगायत विषयगत शाखा प्रमुख र जनप्रतिनिधीहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण बारे अभिमूखिकरण गरी नियमित लैससास परिक्षण गर्न सक्षम बनाउने ।

ङ) गाउँपालिकाबाट गठन गरिएका लक्षित बर्गका सञ्जालका पदाधीकारीहरुको क्षमता तथा नेतृत्व विकास तालिम मार्फत गाउँपालिकाको समग्र विकास प्रक्रियामा क्रियाशील सहभागिता र प्रतिनिधित्व  सुनिश्चित गर्ने ।

च) लैंगिक बिभेद, असमानता तथा हिंसा बिरुद्ध जागरण फैलाई बिभेद र हिंसा बिरुद्ध प्रतिकार तथा वकालत क्षमता अभिबृद्धि गर्न समुदाय तहमा ब्यापक जनचेतना तथा अभियानका कार्यक्रम संचालन गर्ने ।

छ) विकासका हरेक क्षेत्रमा लैगिक समानता तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

ज) लैंगिक उत्तरदायी बजेट तथा योजना निर्माण र कार्यान्वयनका लागि सम्बन्धित विषयगत शाखा, वडा प्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

### ३.५. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आर्थिक, प्राविधिक, मानविय

गाउँपालिकाबाट जारी गरिएको लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु बीचको समन्वय र साझेदारी अपरिहार्य ठानीएको छ । गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा

क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य हुनु जरुरी छ । गाउँपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिक वीच निरन्तर समन्वय र साझेदारी गरिनेछ ।

## ३.६. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

सिस्ने गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैंगिक तथा सामाजिक समावेशीकरण उद्धेश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समाबेश गरिनेछ । लैंगिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ । बार्षिक प्रगतीका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ ।

गाउँपालिकाको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिर्धित्व रहने लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

### १.) लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।

| | | |
|---|---|---|
| क. | नगरपलिका नगरप्रमुख | संयोजक |
| ख. | नगरपालिका नगरउपप्रमुख | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. | नगरपालिकास्तरीय लक्षित समुदायहरुको सञ्जाल मध्येबाट नगरपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी | सदस्य |
| ङ. | महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य |
| च. | सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

### २.) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमा कम्तीमा २ पटक बस्नेछ ।

ख) सरोकारवालाको सहभागितामा बार्षिक रुपमा प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँपालिकामा पेश गर्ने ।

ग) स्थानीय नीति, रणनिति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैंगिकमैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैंगिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरीएका नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी लैंगिक तथा समावेशी सहभागिता अभिबृद्धि गर्न निर्देशन गर्ने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधक वा बिभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

च) लैंगिक बिभेद, लैंगिक हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुरव्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वनर खण्डिकृत बिद्युतिय सुचना प्रणालीलाई व्यवस्थित गर्न अभिप्रेरीत गर्ने

ज) लैंगिक हिंसा, लैंगिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी योजना तथा कार्यक्रम तय गर्न निर्देशन गर्ने ।

झ) महिला, अपांगता भएका व्यक्ति, दलित लगायत सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति समुदायहरुको आर्थिक शसक्तिकरणका योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिका  सम्बन्धित संयन्त्र तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा निर्देश गर्ने ।

**३) वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| **क.** | वडा अध्यक्ष | संयोजक |
| **ख.** | वडा समितिका सबै सदस्यहरु | सदस्य |
| **ग.** | वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| **घ.** | वडा बाल संजालको अध्यक्ष | सदस्य |
| **ङ.** | वडा सचिव | सदस्य सचिव |

**४) निर्देशन तथा अनुगमन उपसमितिको काम कर्तब्य र अधिकार :**

क) योजना तथा बजेट तर्जुमा चरणमा विपन्न तथा बञ्चित व्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने ।

ग) योजना कार्यान्वयनमा लैंगिक तथा समाबेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गरी आबश्यक निर्देशन गर्ने ।

घ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्कनन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गर्ने, गराउने र लैससासको लेखाजोखा गर्ने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने,

च) वडास्तरमा लैससास सम्वन्धि कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ) यस रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

### ३.७. लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :

लैससास विषय अन्तर सम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न सकिदैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|
| गाउँपालिका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने। |
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमिताामा पर्न नसक्नु । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमिताामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने । |
| लैससास रणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानव स्रोतको कमी हुन सक्नु । | ▪ गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने । |
| लैससास नीतिमा उल्लेखित प्रावधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | ▪ गाउँपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । |
| गाउँपालिकाको लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्नु । | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । |
| टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु । | ▪ लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |

| | |
|---|---|
| वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुन नसक्नु । | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्नु । | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैंगिक तथा समावेशी पहुँच कम हुन सक्नु । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने । |

### ३.८ कानुनी व्यवस्था तथा पुनरावलोकन

#### ३.८.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

सिस्ने गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैंगिक हिंसा बिरुद्ध रणनीति, कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा शाखागत रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैंगिक समानता र महिलाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिने छ ।

#### ३.८.२.रणनीतिको पुनरावलोकन तथा सुधार

सिस्ने गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आवश्यकता अनुसार समसामयिक विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

## परिच्छेद ४ एकल तथा समूह केन्द्रित छलफल तथा अन्तर्वार्ताका लागि चेकलिस्ट/प्रश्नावली लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति सिस्ने गाउँपाकि

### १. एकल तथा समूह केन्द्रित छलफलको लागि :

१. संबिधान, स्थानीय सरकार संचालन ऐन आदिले दिएको लैससास सम्बन्धित कामहरू गर्न आवश्यक ऐन, कानुन, नीति, योजना, बजेट, संस्थागत संयन्त्र छ छै न ?

२. स्थानिय सरकारले केन्द्र तथा प्रदेश सरकार सँग लैससास सम्बन्धित काम गर्न कसरी समन्वय गरि राखेको छ ?
३. लैससासमूखी योजना तथा बजेट निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, अपांङ्गता भएका ब्यक्ति, एकल महिला, किशोर किशोरी तथा अन्य पिछडिएका लक्षित बर्ग समुदायहरूको अर्थपूर्ण सहभागिता, लाभ तथा परिणाममा समानता छ छैन ?

४.लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आन्तरिक तथा बाह्य रुपमा विभिन्न सरकारी एबम् गैर सरकारी निकायहरूसँग साझेदारी तथा समन्वय कस्तो छ ?
५. स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले लैससास कार्यान्यन तथा मूलप्रवाहीकरणको लागि आवश्यक क्षमता विकास तथा सचेतिकरण छ छैन ? छैन भने यसलाई लै ससासमूखी कसरी बनाउने ?
६. स्थानीय सरकारले कार्यान्वयन गर्ने सम्पूर्ण कार्यक्रम, आयोजना, परियोजना आदिको अनुगमन तथा मूल्यांकन बिधि लैससासमूखी छ छै न र छैन भने लैससासमूखी कसरी बनाउने ?

## २. अन्तर्वार्ता (Key Informant Interview) का लागि :

| **क.स** | **समुह समस्याहरू** | **समस्याहरू** | **समाधान कसरी गर्ने ?** |
|---|---|---|---|
| १. | महिलाका समस्या | | |
| २. | दलितको समस्या | | |
| ३. | आदिवासी जनजातिको समस्या | | |
| ४. | जेष्ठ नागरिकको समस्या | | |
| ५. | किशोर किशोरीको समस्या | | |
| ६. | एकल महिला समस्या | | |
| ७. | एकल जेष्ठ पुरुषको समस्या | | |
| ८. | अपांङ्गता भएका व्यक्तिको समस्या | | |
| ९. | पहुंच नपुगेका बस्ती | | |
| १०. | अन्य समस्याहरू | | |

## ३. बिषय केन्द्रित छलफल (Focus Group Discussion) का लागि :

| **क.स** | **बिषयबस्तु** | **समस्याहरू** | **समाधान कसरी गर्ने ?** |
|---|---|---|---|
| १. | **लैसासमूखी दृष्टिकोणबाट सामाजिक** शैक्षिक तथा मानव संसाधन, स्वास्थ्य तथा पोषण, खानेपानी सरसफाई, कला संस्कृति तथा भाषा, शान्ति सुरक्षा आदि) समस्या तथा समाधानका उपायाहरू । | | |
| २. | **लैससासमूखी दृष्टिकोणबाट** आर्थिक तथा रोजगारीको समस्या तथा समाधानका उपायहरू । | | |
| ३. | **लैससासमूखी दृष्टिकोणबाट** भौतिक पूर्वाधार विकास (यातायात, विद्युत, आवास तथा भवन, प्राकृतिक तथा मानव सिर्जित बिपत व्यवस्थापन आदि) सँग जोडिएकाहरू समस्या तथा समाधानका उपायहरू । | | |
| ४. | **लैससासमूखी दृष्टिकोणाबाट** राजनैतिक समस्या तथा समाधानका उपायहरू । | | |
| ५. | अन्य समस्या तथा समाधानका उपायहरू । | | |